# नेपालमा स्थानीय सरकारका न्यायिक समितिका भोगाइ र सिकाइ










बिष्णु राज उप्रेती, पी.एच.डी.

दुर्गा-शान्ता सामाजिक विकास समाज

Knowledge Management Fund
Knowledge Platform Security & Rule of Law

# नेपालमा स्थानीय सरकारका न्यायिक समितिका भोगाइ र सिकाइ

## श्रोत सामाग्री

बिष्णु राज उप्रेती, पी.एच.डी.

प्रकाशक
दुर्गा–शान्ता सामाजिक विकास समाज
कोटेश्वर, काठमाडौं
असार, २०८१

Knowledge Management Fund | Knowledge Platform Security & Rule of Law

**उद्‌धृतार्थः**

उप्रेती, बिष्णु राज । २०८१ । *नेपालमा स्थानीय सरकारका न्यायिक समितिका भोगाइ र सिकाइ* । काठमाडौँः दुर्गा-शान्ता सामाजिक विकास समाज ।

**सर्वाधिकारः** लेखकमा सुरक्षित ।

यस पुस्तकको कुनै पनि अंश उल्लेखित अधिकार प्राप्त संस्था वा व्यक्तिको लिखित स्विकृति बिना पुनः प्रकाशन, पुनरुत्पादन, अनुलिपि यन्त्र अथवा त्यस्तै अरू यन्त्रहरूमा सञ्चयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्ता कुनै माध्यमहरूमा प्रयोग गर्न पाइने छैन ।

प्रकाशकः दुर्गा-शान्ता सामाजिक विकास समाज ।

**ISBN:** ९७८९९३७-९७४६-०-८

**डिजाईन : मिना श्रेष्ठ**

**मुद्रणः**

हाइडल प्रेस प्रा. लि., बागबजार, काठमाडौँ

मुल्यः रु ३००/-

**सहकार्यः** यो पुस्तक Knowledge Management Fund/Knowledge Platform Security & Rule of Law र दुर्गा-शान्ता सामाजिक विकास समाज (DSSBS) को सहकार्यमा प्रकाशित भएको हो ।

# कृतज्ञता

न्यायिक समितिको भोगाइ र सिकाइ बारे दुर्गा-शान्ता सामाजिक विकास समाजले दोलखा, चितवन, नवलपरासी पूर्व, सर्लाही, धादिङ, काठमाडौं र ललितपुरमा छोटो अध्ययन गरेको थियो। यो अध्ययनबाट प्राप्त सूचना र जानकारीको विश्लेषण र न्यायिक समितिका सदस्यहरुका अनुभव, भोगाइ बारे उनीहरुको भनाईको संश्लेषण गरी यसलाई प्रकाशन गर्दा न्यायिक समितिमा कार्यरत वर्तमान अधिकारीहरुलाई न्याय सम्पादन थप प्रभावकारी बनाउन, आफूले गरिरहेको अभ्यासमा परिमार्जन गर्न, आवश्यक भए परिस्कृत गर्न र यो सवालमा चाख राख्ने सबैलाई सिकाइ वा श्रोत सामाग्रीका रुपमा प्रयोग गर्न समेत मद्दत पुगोस् भन्ने उद्देश्यले यो पुस्तका प्रकाशन गरिएको हो। हाम्रो अध्ययनको उपलब्धिको रुपमा न्यायिक समितिले गरेका राम्रा अभ्यासहरु, भोगेका कठिनाईहरु र भविष्यमा न्यायिक समितिलाई थप प्रभावकारी बनाउन सुधार्नु पर्ने पक्षहरुको पहिचान गरी यहाँ प्रस्तुत गरिएको छ।

यो पुस्तक तयार गर्ने सिलसिलामा धेरै व्यक्ति तथा संस्थाहरुले सहयोग गर्नु भएको छ। उहाँहरु सबैलाई व्यक्तिगत रुपमा यहाँ उल्लेख गर्न कठिन भएपनि म उहाँहरु सबैलाई सामुहिक रुपमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।

यो पुस्तक तैयारीका लागि गरिएको अध्ययनमा आवश्यक पर्ने जानकारी संकलनको क्रममा दोलखा बार एसोसिएशनका पूर्व अध्यक्ष श्री सरोज उप्रेतीले दोलखामा गोष्ठी संचालन, व्यवस्थापनदेखि सहजीकरणसम्मको जिम्मा लिई समय समयमा विषयगत सवालमा समेत सहयोग पुऱ्याएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु।

दोलखाको गोष्ठीमा सहयोग पुऱ्याउनुहुने भीमेश्वर नगरपालिका प्रमुख ईश्वर नारायण मानन्धर, उपप्रमुख कमला बस्नेत, दोलखा जिल्ला न्यायाधिश माधव सुबेदी, दोलखा जिल्लाका प्रमुख जिल्ला अधिकारी टुपराज पोखरेल, मेलुङ्ग गाउँपालिकाकी उपप्रमुख गायत्री आचार्य, तामाकोशी गाउँपालिकाकी उपप्रमुख सिर्जना खड्का सुवेदी, बैत्येश्वर गाउँपालिकाकी उपप्रमुख कल्पना उप्रेती, बिगू गाउँपालिकाकी उपप्रमुख देविका थामी, गौरीशंकर गाउँपालिका प्रमुख विश्वास कार्की, शैलुङ्ग गाउँपालिकाकी उपप्रमुख पार्वती थापा, जिरी नगरपालिकाकी उपप्रमुख कृष्णमाया बुढाथोकी, जिल्ला अदालतका श्रेष्तेदार अञ्चन भट्टराई, दोलखा जिल्लाका ७ गाउँपालिका र २ नगरपालिकाका न्यायिक समिति सहजकर्ताहरु, दोलखा जिल्लाका विभिन्न कार्यालय तथा संघ संस्थाका प्रतिनिधीहरु प्रति उहाँहरुको अमूल्य समय र बिचारका लागि आभार व्यक्त गर्दछु।

त्यसैगरी शंकरापुर नगरपालिकाका मेयर रमेश नापित तथा उपमेयर समिता श्रेष्ठ, जनकपुर उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, जनकपुरका प्रसिद्ध साहित्यकार प्रा.डा.राजेन्द्र विमल, र विभिन्न न्यायिक समितिका सदस्यहरु प्रति पनि आभार व्यक्त गर्दछु।

यो अध्ययनमा सकृय सहयोग गर्ने र नवलपरासी तथा चितवन जिल्लाका गोष्ठी र कार्यक्रमहरु सह-आयोजना, समन्वय गर्ने मित्र यादव हुमागाई प्रति सदा आभारी छु।

२०७९ साल पौष २२ गते नीति अनुसन्धान प्रतिष्ठानमा भएको “नेपालमा न्यायिक समितिको भूमिका” विषयक सार्वजनिक संवाद कार्यक्रममा सहभागी हुनु भएका काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोलसहित ५ दर्जन भन्दा बढि उपप्रमुखहरुबाट अभिव्यक्त धारणाबाट यो लेखकले न्यायिक समितिको कठिनाई, अवसर, चुनौतीबारे राम्ररी बुझ्ने अवसर पाएकोले उहाँहरु सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धादिङ र पूर्वी नवलपरासी जिल्लाका विभिन्न पालिकाका प्रमुख, उपप्रमुख, न्यायिक समिति सदस्य, पत्रकार, नागरिक समाजका प्रतिनिधी, राजनीतिक दलका प्रतिनिधीहरुले आफ्ना अति महत्वपूर्ण र अनुभवजन्य भनाई राखी यो अध्ययनलाई सहयोग पुर्‍याउनु भएको थियो। उहाँहरु सबैलाई विशेष धन्यवाद व्यक्त गर्दछु।

मध्यबिन्दु नगरपालिकाकी उपमेयर पूर्णकला चौधरी, देवचुली नगरपालिकाकी उपप्रमुख निर्मला कँडेल, बौद्धिकाली गाउँपालिकाकी उपप्रमुख दिलकुमारी के.सी. सारु मगर, सिकोट गाउँपालिकाकी न्यायिक समिति सदस्य शोभा मल्ल, निलकण्ठ नगरपालिकाको उपप्रमुख दिपक विश्वकर्मा तथा भरतपुर महानगरपालिकाका न्यायिक समितिमा संलग्न काशीप्रसाद श्रेष्ठ, ऋषिराम घिमिरे, धर्मराज प्रसाई, सकुन्तला ठकुरी, शारदा घिमिरे, इश्वरीप्रसाद पौडेल, रामहरी अधिकारी, हरी बहादुर अधिकारी लगायतबाट जानकारीको लागि हार्दिक धन्यवाद।

यो पुस्तकको पाण्डुलिपी तैयार गर्ने सिलसिलामा अथक मेहनत गर्ने एन.सि.सि.आर.का श्री अमित महर्जनलाई विशेष धन्यवाद दिन चाहन्छु। यो दस्तावेज विषयगत सल्लाह, सुझाव र अन्त्यमा अध्योपान्त यो दस्तावेज पढि सुझाव तथा भाषा सम्पादन समेत गरी दिएकोमा खाद्य, सुरक्षा, कृषि, महिला सशक्तिकरणको क्षेत्रमा सक्रिय डा. यमुना घलेप्रति आभार व्यक्त गर्दछु। साथै हाईडल प्रेसबाट डिजाईन लगायतको काम गर्ने मिना श्रेष्ठप्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

आदरणिय पाठकहरुले यो पुस्तकमा देखिएका कमिकमजोरीहरु रचनात्मक रुपमा औंल्याई दिनुहुनेछ भन्ने आशा लिएको छु।

बिष्णु राज उप्रेती, पी.एच.डी.
सिभिल होम्स्-३, सुनाकोठी
गोदावरी न.पा.-१२, ललितपुर
असार, २०८१

# विषय सूचि


| विषय | पेज नं. |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. संघीय संरचनामा शक्तिको बाँडफाँड | ४ |
| ३. संवैधानिक प्रावधानबाटै सुनिश्चित भएको स्थनीय सरकारका अधिकार र दायित्व | ५ |
| ४. स्थानिय सरकार र न्यायिक समिति | ६ |
| ५. न्यायिक समितिको हालसम्मको अनुभव र सिकाइ | ११ |
| ५.१ न्यायिक समितिको ऐतिहासिक पृष्ठभूमि | ११ |
| ५.२ न्यायिक समितिको अनुभव र सिकाइ | १२ |
| ५.२.१ समाधानका लागि न्यायिक समितिमा आउने प्रमुख मुद्दाहरु | १६ |
| ५.२.२ न्यायिक समितिले सामना गरेका समस्याहरु | १८ |
| ५.२.२.१. न्यायिक समितिमा पूर्वाधार र क्षमताको कमी | १९ |
| ५.२.२.२. वार्षिक कार्ययोजनाको अभाव | २० |
| ५.२.२.३. न्यायिक समितिलाई कार्यपालिकाको सहयोगमा कमी | २० |
| ५.२.२.४. क्षमता अभिवृद्धिलाई प्राथमिकता नदिनु | २१ |
| ५.२.२.५. मेलमिलाप सम्बन्धी ज्ञान र सिपको अभाव | २१ |
| ५.२.२.६. पालिका भित्र समन्वयको अभाव | २२ |
| ५.२.२.७. पीडितको सुरक्षामा कठिनाई | २३ |
| ५.२.२.८. उद्धारमा कठिनाई | २३ |
| ५.२.२. ९. मेलमिलाप केन्द्रको प्रभावकारीतामा कमी | २३ |
| ५.२.२.१०. अशक्तहरुको न्यायिक समितिमा पहुँचमा कठिनाई | २४ |
| ५.२.२.११. पीडितको गोपनीयता सुरक्षित गर्ने चुनौती | २४ |
| ५.२.२.१२. अन्तरिम राहतम कठिनाई | २४ |
| ५.२.२.१३. कानूनी सेवा/परामर्शको अभाव | २५ |
| ५.२.२.१४. गुनासो सुन्ने संयन्त्रको अभाव | २५ |
| ५.२.२.१५. कार्यकारी अधिकृतको सरुवाको समस्या | २५ |
| ५.२.२.१६. क्षेत्राधिकारको विवाद | २५ |
| ५.२.२.१७. स्थानीय पालिका र क्षेत्रगत कार्यालय बिच विवाद | २६ |
| ५.२.२.१८. पालिका प्रमुख र उप-प्रमुख बिच द्वन्द्व | २६ |
| ५.२.२.१९. न्यायिक समिति संयोजकका पतिहरुबाट हस्तक्षेप | २७ |
| ५.२.२.२०. आवश्यक कानूनी ज्ञानको अभाव | २८ |
| ५.२.२.२१. सरकारी कर्मचारी तथा निर्वाचित प्रतिनिधिबीच द्वन्द्व | २९ |
| ५.२.२.२२. न्यायिक समितिको निष्कृयता | ३० |
| ५.२.२.२३. पुरुषप्रधान सामाजिक मनोबिज्ञान | ३० |
| ५.२.२.२४. उपमेयरको कामको बोझ | ३१ |
| ५.२.२.२५. दलीय राजनीतिकरणको प्रभाव | ३१ |
| ५.२.३. न्यायिक समितिको प्रभावकारीताको लागि सुधारका क्षेत्रहरु | ३२ |
| ५.२.३.१. कानून, नियमावली तथा नियम र कार्यविधी सुधार | ३२ |
| ५.२.३.२. न्यायिक समिति सम्बन्धि जनचेतना अभिवृद्धि | ३२ |
| ५.२.३.३. कानूनको ज्ञान भएको जनशक्ति उपलब्धता | ३३ |

५.२.३.४ अनुसन्धानलाई प्राथमिकता ३३
५.२.३.५. संयुक्त प्रशिक्षण ३४
५.२.३.६. समन्वय र समिक्षा बैठक ३४
५.२.३.७. संघको हस्तक्षेप न्यूनीकरण ३४
५.२.३.८. अनुगमन तथा न्यायिक समितिका निर्णय कार्यान्वयन ३५
५.२.३. ९. नियमित अनुगमन ३५
५.२.३.१०. सहकार्य र टिमवर्क ३५
५.२.३.११. अनुभवबाट सिक्ने व्यवस्था ३६
५.२.३.१२. अभिलेखीकरण सुदृढ बनाउने ३६
५.२.३.१३. आचारसंहिता निर्माण र पालना ३६
५.२.३.१४. न्यायिक समितिहरुको क्षमता विकास ३६
५.२.३.१५. विधी र प्रकृयाको नीतिगत प्रष्टता ३७
५.२.३.१६. जिल्ला अदालतको सहयोग ३८
५.२.३.१७. राष्ट्रिय न्यायिक प्रतिष्ठानको सकृयता बृद्धि ३८
५.२.३.१८. न्यायिक समितिका वार्षिक प्रतिवेदन प्रकाशन ३८
५.२.३.१९. न्यायिक समिति कार्य संचालन दिग्दर्शनको प्रयोग ३९
५.२.३.२०. मेलमिलाप सहजकर्ताको प्रभावकारी परिचालन ३९
५.२.३.२१. तथ्यांक व्यवस्थापन ३९
५.२.३.२२. न्यायिक समितिको कामको लागि निश्चित दिनहरु निर्धारण ३९
५.२.३.२३. प्रकृया पूरा गरेर मात्र काम गर्ने अभ्यासको थालनी ४०
५.२.३.२४. अरु पालिकाहरुबाट सिक्ने अभ्यासलाई संस्थागत गर्ने ४०
५.२.३.२५. संघीय मन्त्रालयका मार्गदर्शन कार्यान्वयन ४०
५.२.३.२६. अशक्त, बालबालिकाहरुको उद्धारको व्यवस्था ४१
५.२.३.२७. मेलमिलाप केन्द्र स्थापना ४१
५.२.३.२८. अशक्त मैत्री संरचना निर्माण ४१
५.२.३.२९. मनोसामाजिक परामर्श केन्द्र स्थापना ४२
५.२.३.३०. अन्तरिम राहतको व्यवस्था ४२
५.२.३.३१. गुनासो सुन्ने संयन्त्रको स्थापना ४२
५.२.३.३२. प्रमुख र उपप्रमुख बिच सहकार्यको संस्कृति ४२
५.२.३.३३. न्यायिक समिति संयोजकलाई स्वतन्त्र काम गर्न दिने वातावरण बनाउने ४३
५.२.३.३४. कानूनी ज्ञानको अभाव परिपूर्ति ४३
५.२.३.३५. अनुभवमा आधारित आपसी सिकाइ ४४
५.२.३.३६. प्रकृयागत र नीतिगत प्रष्टताको खाँचो ४४
५.२.३.३७. दस्तावेज व्यवस्थापन ४४
६. निष्कर्ष ४५
सन्दर्भ सामाग्री ४७
अनुसूचीहरु ५०

# नेपालमा स्थानीय सरकारका न्यायिक समितिका भोगाइ र सिकाइ

## १. पृष्ठभूमिः

नेपालमा ३० वर्षे निर्दलीय पञ्चायती राजनीतिक व्यवस्थाले जनअपेक्षा अनुरुप काम गर्न सकेन, दलहरुमाथि प्रतिबन्ध लगाई जनताका वाक स्वतन्त्रता कुण्ठित गराईयो, देशको समग्र विकास गरी जन-अपेक्षा पूरा गर्न सकेन भनेर तत्कालीन प्रतिबन्धित राजनीतिक दलहरुले २०४६ सालमा ठूलो जनआन्दोलन गरी देशमा बहुदलीय राजनीतिक प्रणाली स्थापना भयो (उप्रेती, २०७१क) ।

तत्कालीन विश्व परिवेश पनि यो परिवर्तनको लागि सहयोगी बन्यो किनकी विश्वभर एकतन्त्रिय र तानाशाही शासनहरु ढल्दै बहुदलीय प्रणाली स्थापना हुने प्रकृया र अभ्यास तीब्र रुपमा भईरहेको थियो। बर्लिनको पर्खाल ढाल्नेदेखि, पूर्बी युरोप, अफ्रिका, ल्याटिन अमेरिका र एसियाका धेरै देशहरुमा लोकतान्त्रिक प्रणालीहरु स्थापित हुँदै थिए। यसै परिवेशमा प्रतिबन्धित दलहरु नेपाली कांग्रेस र सात कम्युनिष्ट दलहरु मिलि बनेको 'सात दलीय बाम मोर्चा' एकै ठाउँमा आई संयुक्त जनआन्दोलन संचालन गरेका थिए।

भारतीय नेताहरु (चन्द्रशेखर र भारतीय कम्युनिष्ट घटकहरु) को पनि नेपालमा पञ्चायती निर्दलीय प्रणाली अन्त्य गरी नेपालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र स्थापनाको लागि सहयोग थियो। लामो समयदेखि कम्युनिष्ट र कांग्रेस एकै ठाउँमा आउन नसक्दा विगतमा धेरै पटक दलहरुले आ-आफूले गरेका आन्दोलनहरु सफल नभए पनि यो पटक गणेशमान सिंहले कम्युनिष्टसँग मिलि आन्दोलन गर्ने अडान र पुष्पलाल श्रेष्ठले लामो समयदेखि प्रजातन्त्रवादी र वामपन्थीले सहकार्य गर्नु पर्ने अडानको भावना अनुरुप सात बाम घटक एकै ठाउँमा आई संयुक्त संघर्ष गरेकै कारण ३० वर्ष लामो निर्दलीय पञ्चायती प्रणालीको अन्त्य भई बहुदलीय प्रणालीको स्थापना हुन सक्यो। यो बारेमा यही पुस्तिकाका लेखक (उप्रेती २०७१क)

ले लेखेको नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्चबाट प्रकाशित “नेपालमा सशस्त्र द्वन्द्व र यसको प्रभाव” भन्ने पुस्तकमा विस्तृत चर्चा गरिएको छ।

तर बहुदलीय प्रणालीमा पनि राजनीतिक दलहरुले आफ्नो भूमिका राम्ररी निभाउन सकेनन्। वाक-स्वतन्त्रताको सवालबाहेक सामाजिक आर्थिक सुधारमा अपेक्षित उपलब्धि हासिल गर्न सकेनन्। पञ्चायत कालै नक्कल गरी (तर मात्रात्मक र संख्यात्मक रुपमा बढि) भ्रष्टाचार, नातावाद, पार्टीवाद व्यापक बन्यो। पाँच वर्षमा उनीहरुले खासै सुधारका काम गरेनन्। बरु उल्टै कुशासन व्याप्त भयो। परिणाम तः २०४६ सालको जनआन्दोलन सम्झौतामा टुङ्गियो । यो ठिक भएन भनी विरोध गरिरहेको तत्कालीन ने.क.पा.(मसाल) ले विरोध निरन्तर राखेपनि २०४८ को चुनाव उपयोग गर्ने रणनीति अन्तर्गत नौ जना प्रतिनिधी चुनिएका थिए। तर उनीहरुमाथि नेपाली कांग्रेसको सरकारले दमन गरेको, राजासँग २०४६ मा सम्झौता गरेको (केही दिन आन्दोलन चर्काएको भए राजतन्त्र जाने भन्ने उनीहरुको मान्यता थियो) सुशासन दिन नसकेको भन्दै २०५२ सालमा सशस्त्र द्वन्द्वको शुरु गर्यो। यसरी भर्खर स्थापना भएको बहुदलीय प्रणालीले राम्रोसँग काम गर्न नपाउँदै अर्थात बहुदलीय प्रणाली शुरु भएको पाँच वर्ष भित्रै देशै भुमरीमा पर्ने गरी सशस्त्र द्वन्द्व शुरु भयो (उप्रेती, २०७१ क र ख)।

१० वर्षसम्म सशस्त्र द्वन्द्व चल्दा देशमा कायम रहेका राम्रा शासकीय अभ्यासहरु ध्वस्त भए, विकास निर्माण कार्य ठप्प भयो, मजबुत ग्रामिण सामाजिक सद्भाव र सम्बन्ध अस्तव्यस्त भयो, विकास निर्माण ठप्प भयो। यसरी राज्य कमजोर बन्दै गयो, तर द्वपक्षीय दाताहरुले गैह्र सरकारी संस्था र नीजि संस्था मार्फत् विकासको लागि आर्थिक सहयोग गर्ने बाटो रोज्दा सरकार कमजोर बनाउने र समानान्तर सरकारको अभ्यास (विकास नियोगहरुले गैह्र सरकारी संस्था मार्फत् सरकारले गर्नु पर्ने काम गरेको कारण) शुरु भयो। राष्ट्रको श्रोत साधन विद्रोही शक्तिसँग लड्नमा खर्च भयो भने ठूला र मझौला विकास निर्माण पूरै बन्द भए। भएका विकासका संरचना पनि विद्रोही माओवादीले सरकारलाई असफल रणनीति अनुरुप ध्वस्त पारे भने बन्दै गरेका विकास कार्य पूरै अवरोध गरी रोकिदिए। यसरी देशको विकास एक प्रकारले पूरै ठप्प भयो।

माओवादीका प्रमुख मागहरुमा राष्ट्रियता सम्बन्धी, नागरिकका प्रमुख जनसरोकार र जनजिविका सम्बन्धी र शासकीय प्रणाली सम्बन्धित थिए । त्यसैले यस्ता मागहरुप्रति शुरुमा जन समर्थन पनि देखिएको थियो । तर पछि गएर माओवादीले समानान्तर सरकार बनाई देशलाई १२ वटा जातीय राज्यमा बाँडेर अभ्यास गर्न थालेपछि स्थिति जटिल बन्दै गयो, सामाजिक र आर्थिक रुपान्तरणको लागि भनिएको सशस्त्र द्वन्द्वले जातीय स्वरुप ग्रहण गर्न थाल्यो । परिणाम भयावह बन्दै गए पछि शान्तिपूर्ण रुपान्तरणको पक्षमा रहेका दलहरु पनि शान्ति सम्झौताको पक्षमा उभिए भने सरकारले सेना परिचालनलाई शसक्त गर्दै लगेपछि सेनाले माओवादी मनोविज्ञानमा जवरजस्त त्रास (पेरुको साईनिङ्ग पाथ वा श्रीलंकाको लिट्टेको जस्तै अवस्थामा पो पुऱ्याउने हो कि भन्ने गहिरो डर) सिर्जना गरायो (उप्रेती, २०७१क) ।

अलकायदाले न्यूयोर्कको ट्वीन टावर र वासिङ्गटनको पेन्टागनमाथि आक्रमण गरेपछि आतंकवाद विरुद्ध खरो उत्रिएको अमेरिकाले माओवादीलाई आतंककारीको सूचिमा राख्यो र उनीहरुप्रति कडा रबैया अपनायो । भारतको द्वैध भूमिका (दुबै पक्षलाई भिन्न तरिकाले सहयोग गर्ने अभ्यास) भएपनि स्थिति जटिल बन्दै गएपछि माओवादी शान्तिपूर्ण अवतरण इच्छुक देखियो ।

यता दरबार र दलहरु मिलि माओवादीसँग लडिरहेकै अवस्थामा (दलहरुको संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको दुई खम्बे नीतिमा प्रतिबद्ध थिए) तत्कालीन राजा ज्ञानेन्द्रको महत्वकांक्षा र वरिपरी रहेका खराब सल्लाहका कारण उनले आफै शासन सत्ता लिई दलहरुमाथि कडा आक्षेप लगाई दलीय प्रणाली माथि चुनौती दिएपछि र माओवादीलाई पनि बलकै प्रयोगले नियन्त्रण गर्न खोजेपछि दलहरु र माओवादी एकै ठाउँमा आई दरबारको विरोधमा आन्दोलन अगाडी बढाए। परिणाम तः विगतको शक्ति सम्बन्ध बदलियो र पहिला दलहरु र दरबार एकातिर र माओवादी अर्कोतिर भएको अवस्था बदलिई दरबार एक्लो, माओवादी र दलहरु एकातिर भए। अब भारतको सहयोगमा दलहरु र माओवादी बीच १२ बुँदे सहमति भई सशक्त जनआन्दोलन (२०६२-६३) बाट राजतन्त्रको अन्त्यको आधार तैयार बन्यो (उप्रेती, २०७१क र ख) ।

जनआन्दोलनको बलमा राजासँग शक्ति खोसेर लिएपछि राजनीतिक दलहरु र माओवादी शान्ति सम्झौता मार्फत् सशस्त्र द्वन्द्व अन्त्य गरी राज्यको आमूल रुपान्तरणमा लाग्ने गरी २०६३ मंसिर ५ गते एकिकृत शान्ति सम्झौता सम्पन्न भयो। यो शान्ति सम्झौतामा माओवादीहरुले उठाएका सवालहरु नै समेटिएका थिए र अगाडीको बाटोमा संविधान सभाको निर्वाचन गरी संविधान सभाले नयाँ संविधान बनाई सोही अनुरुप राज्य संचालन गर्ने थियो (उप्रेती, २०७१ख)।

शान्ति सम्झौता अनुरुप भएको निर्वाचनबाट पहिलो पटक माओवादी निर्वाचनबाटै सबैभन्दा ठूलो दलको रुपमा संविधान सभामा उपस्थित भएको थियो। यसले उनीहरुमा घमण्ड, अव्यवहारिक र उग्र चिन्तन देखिएको कारण संविधान बन्न सकेन। संविधान बनाउन चाहिने बहुमत कुनै पार्टीको थिएन। माओवादी लचिलो नहुँदा यो संविधान सभाले संविधान नबनाई म्याद सकियो (उप्रेती, २०७१क र ख)।

पहिलो संविधान सभामा माओवादीको उग्र रबैयाबाट वाक्क भएका जनताले दोश्रो संविधान सभामा किनारा लगाईदिए र ने.क.पा. (एमाले) र नेपाली कांग्रेस लगायत साना पार्टीहरु एक हुँदा संविधान बन्ने अवस्था बनेपछि सकेको जति सौदाबाजी गरेर एउटा सहमतिको दस्तावेजको रुपमा नयाँ संविधान आयो जसमा संघीयता कार्यान्वयनका लागि तीन तहका सरकार (संघ, प्रदेश, स्थानीय) बने र यही स्थानीय सरकारको एक महत्वपूर्ण प्रावधानको रुपमा न्यायिक समिति संविधानमै व्यवस्था गरियो। स्थानीय स्तरमा शक्ति हस्तान्तरण र न्यायको विकेन्द्रिकरणमा यो न्यायिक समिति कोशेढुङ्गा सावित भयो (नेपाल कानून आयोग, २०७२, २०७४, संस्थागत सुधार मार्फत् न्यायमा पहुँच अभिवृद्धि कार्यक्रम २०७७। डिआर सि नेपाल, २०२३, अधिकारी, २०२३ एन एल एए, एनडी)।

## २. संघीय संरचनामा शक्तिको बाँडफाँडः

नेपालको संविधानले तीन तहको सरकार र उनीहरुका कामहरु बाँडफाँड गरेको छ। (संविधानले गरेको तीन तहका सरकारको शक्ति बाडँफाँडको विस्तृत विवरणको लागि हेर्नुहोस् यसै श्रोत पुस्तिकाको अनुसूचि १ देखि

५ सम्म) यसलाई विभिन्न ५ अनुसूची (अनुसूचि ५ देखि ९ सम्म) मा राखिएको छ। अनुसूची-५ संविधानको धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित छ र यसले संघको अधिकारको सूची र विषयहरू परिभाषित गरेको छ (नेपाल कानून आयोग २०७२)।

त्यसैगरी अनुसूची-६ नेपालको संविधानको धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा (३), धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित छ र यसमा प्रदेशको अधिकारको सूची र विषयहरू समावेश छ।

अनुसूची-७ संविधानको धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित छ र यसले संघ र प्रदेशको साझा अधिकारको निर्धारण गरेको छ।

त्यसैगरी अनुसूची-९ नेपालको संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित छ र यसले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची र विषयहरू परिभाषित गरेको छ (ऐ.)। यसरी स्थानीय सरकारको काम समेत संविधानमा प्रष्ट उल्लेख भएको र ती मध्ये एक न्यायिक समितिको प्रावधान भएको नेपालको इतिहासमै पहिलो हो।

## ३. संवैधानिक प्रावधानबाटै सुनिश्चित भएको स्थानीय सरकारका अधिकार र दायित्वः

नेपालको संविधानले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने भनेको छ साथै न्याय र सामाजिक न्यायलाई मौलिक हकको रुपमा परिभाषित पनि गरेको छ (ऐ.)। त्यसरी नै न्यायको सहज पहुँचको लागि सामान्य प्रकृतिका विवाद समाधान गर्नको लागि मेलमिलाप, मध्यस्थता जस्ता उपायहरुको प्रयोग गर्नुपर्ने व्यवस्था समेत गरेको छ[१] (आचार्य, २०२३)।

१ https://www.onlinekhabar.com/2023/04/1297603

माथि खण्ड २ मा उल्लेख भए अनुसार नै नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारहरुमा नगर प्रहरी परिचालन, सहकारी संस्था सम्बन्धी, विभिन्न स्थानीय करहरु उठाउने (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन लगायतका छन्। साथै अरु स्थानीय अधिकारहरुमा स्थानीय सेवाको व्यवस्थापन तथा तथ्यांक, अभिलेख र स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक र सिंचाइ, मेलमिलाप र मध्यस्थता, स्थानीय अभिलेख, घर जग्गा धनी पुर्जा, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण र भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास लगायत रहेका छन् (नेपाल कानून आयोग, २०७४)। यी कार्यक्षेत्र मूलतः स्थानीय स्तरमा अत्याधिक विवाद हुने सवाल भएकोले नै यसरी समावेश गरिएको हुनुपर्दछ।

स्थानीय तहको एकल अधिकारहरु कार्यान्वयनको लागि गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार पनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ (इ.सं.२०१७) ले परिभाषित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ ले गरेको कार्यपालिकाको कार्य विभाजन सम्बन्धी व्यवस्था गरेको छ। यिनै प्रावधान अनुरुप स्थानीय सरकारले आफ्नो काम सम्पन्न गर्दछन् (ऐ.)। तर पनि काँही बजेटको अभाव, काँही कानूनी अस्पष्टता र देशका अरु कानूनसँग बाझिने कारण पनि सबै प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको भनी प्रत्यक्ष उत्तरदाताहरुले भनेको पाईयो।

## ४. स्थानिय सरकार र न्यायिक समिति

न्यायिक समितिको सैद्धान्तिक अवधारणा नै न्यायलाई आम मानिसको पहुँचमा पुऱ्याउने र यो स्थानीय न्याय सम्पादन प्रणाली सरल, सहज, सुलभ र कानूनी शासन र कानून र न्यायका मूलभूत मुल्य मान्यता र सिद्धान्त अनुरुप

सञ्चालन, व्यवस्थापन र कार्यान्वयन भएको हुनु पर्दछ (आचार्य, २०२३)। यसै परिपेक्ष्यमा न्यायिक समितिको परिभाषा गर्दै न्यायिक समितिका बारेमा "न्यायिक समितिः अवस्था र अपेक्षा" पुस्तकका लेखक वसन्त आचार्य (२०२३) लेख्नुहुन्छ "स्थानीय विवादको सरल र सहज तरिकाले समाधान गर्ने न्यायमा सर्वसाधारणको पहुँच कायम गर्न न्यायको स्थानीयकरण गर्न जरुरी छ। न्यायको स्थानीयकरण गर्ने उपयुक्त माध्यम वा संस्थागत संयन्त्र भनकै स्थानीय तहको न्यायिक समिति हो" (लेखकीय पेजको दोश्रो प्यारा)।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ उपदफा ४ (ख) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य र अधिकार तोकेको छ जसमा न्यायिक समितिको संयोजक भई काम गर्ने पहिलो नम्बरमा छ। यही ऐनको परिच्छेद् ८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था गरेको छ। संविधानको भाग १७ (स्थानीय कार्यपालिका) को धारा २१७ मा भएको न्यायिक समिति सम्बन्धी प्रावधान अनुरुप उपधारा १ मा कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उप-प्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ भन्ने प्रावधान छ भने यसैको उपधारा २ मा 'उपधारा (१) बमोजिमको न्यायिक समितिमा गाउँ सभा वा नगर सभाले आफू मध्येबाट निर्वाचित गरेका २ जना सदस्यहरु रहने' उल्लेख छ। संविधानको यहि प्रावधान अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले न्यायिक समितिको अधिकार क्षेत्र तोकेको छ (नेपाल कानून आयोग, २०७४, डीआरसी नेपाल २०२३)।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) मा विवाद निरुपणको अधिकार छ। स्थानीय न्यायिक समितिले निरुपण गर्न सक्ने विवादहरुमा

क) आलीधुर, बाँध, पैनी, कुलो वा पानीधाराको बाँडफाँड तथा उपयोग,
ख) अर्काको बाली नोक्सानी,
ग) चरन, घाँस, दाउरा,

घ) ज्याला मजदुरी नदिएको,

ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,

च) जेष्ठ नागरिकको पालन-पोषण तथा हेरचाह नगरेको,

छ) नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको,

ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुबिधा,

झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

ट) संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको,

ठ) कसैको हक तथा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तु भाउ चराउने चौर कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्ठी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,

ड) संघीय तथा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेको अन्य विवाद।

यसैगरी उपदफा (२) मा न्याय समितिले मेलमिलापको माध्यमबाट मात्र विवाद समाधान (निरुपण) गर्ने अधिकार दिएको छ। यस्ता विवादहरुमाः

क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एउटाको हकको जग्गा अर्कोले च्यापी मिची वा घुसाई खाएको,

ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

ग) पति-पत्नी बीचको सम्बन्ध बिच्छेद,

घ) अंगभंग बाहेकको बढिमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

ङ) गाली बेईज्जती,
च) लुटपाट,
छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर गरेको,
ज) अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,
झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,
ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,
ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

यसै ऐनको दफा ४७ उपदफा ३ मा माथि उपदफा (२) मा उल्लेख भएका विवादहरुमा सम्बन्धित पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था पनि गरेको छ। यसैगरी यस्ता विवाद निरुपणको लागि उजुरी गर्ने समय सिमा पनि तोकिएको छ।

यही ऐनको दफा ४७ उपदफा ४ मा "यस दफामा उल्लेखित विवादमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हद म्याद भित्र र कुनै हद म्याद नतोकिएकोमा त्यस्तो कार्य भएको भए गरेको मितिले पैतिस दिन भित्र न्यायिक समिति समक्ष निवेदन दिनु पर्ने छ" भनी उल्लेख गरेको छ। यहाँ निवेदन भन्नाले उजुरी वा फिरादलाई पनि जनाउने उल्लेख छ।

यही ऐन दफा ४८ ले अधिकार क्षेत्रको प्रयोग सम्बन्धी व्यवस्था गरेको छ। यसको उपदफा (१) मा न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरुले सामूहिक रुपले गर्ने छन् र बहुमतको राय न्यायिक समितिको निर्णय मानिने छ भनी उल्लेख गरेको छ।

न्यायिक समितिले कोभिड-१९ महामारीको समयमा पीडितको न्याय सम्बन्धी पनि महत्वपूर्ण काम गरेको देखिन्छ। महिला, बालबालिका तथा

जेष्ठ नागरिक मन्त्रालय, २०७७, स्वास्थ्य मन्त्रालय, २०७६, कोरोनाको समयमा इन्टरनेट सुविधा भएका ठाउँहरुमा समितिले भर्च्युल रुपमा पनि काम गरेको देखिन्छ। (नागार्जुन नगरपालिका २०७८, रोङ्ग नगरपालिका, २०७७, नेपाल नगरपालिका संघ, २०७८) तर पनि कोरोनाको समयमा न्यायिक समितिले निकै कठिनाई भोग्नु परेको र चुनौतीको सामना गर्नु परेको पाईयो। त्यस्ता चुनौतीहरुमाः

१) न्यायको पहुँचलाई अति आवश्यक सेवामा संघीय सरकारले समावेश नगर्दा विवाद समाधानमा कठिनाई भएको,
२) न्यायिक समितिमा कानूनी दक्षता सहितको सहयोगी टिम (वकिल, मध्यस्थकर्ता आदी) को अभाव रहेको,
३) प्रविधि, ज्ञान, सिप र श्रोतको अभाव।

संस्थागत सुधार मार्फत् न्यायमा पहुँच अभिवृद्धि परियोजनाले २०७७ सालमा तैयार गरेको कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको लागि अभ्यासकर्ता दिग्दर्शनले पनि केही चुनौतीहरु उल्लेख गरेको छ (पेज ९)। ति हुन्ः

- लैङ्गिक हिंसासम्बन्धी मुद्दाहरुको सुनुवाइलाई प्राथमिकता सूचीमा नराखिनु,
- न्यायमा पहुँचलाई अति आवश्यक सेवाभित्र नराखिनु,
- विवाद समाधानका वैकल्पिक उपायहरुको व्यवस्था नगरिनु,
- न्यायिक समितिमा प्रविधि, ज्ञान, दक्षता तथा सीपको अभाव,
- कानूनमा व्यवस्था भए अनुसारका न्यायमा पहुँच अभिवृद्धि गर्ने कोषहरु स्थापना नहुनु,
- न्याय सम्पादनसँग सम्बन्धित निकायहरु पर्याप्त र प्रभावकारी नहुनु,
- हानीकारक सामाजिक मूल्य र मान्यताको निरन्तरता,
- सार्वजनिक यातायात बन्द हुनु,
- प्रविधिमा महिला तथा सिमान्तकृत समुदायको पहुँचको कमी आदि।

## ५. न्यायिक समितिको हालसम्मको अनुभव र सिकाइ

### ५.१. न्यायिक समितिको ऐतिहासिक पृष्ठभूमि

२०७२ सालमा नयाँ संविधान बनेपछि संघीय गणतन्त्र नेपालको तीन तहको सरकारको प्रावधान अनुरुप २०७४ सालमा ३ चरणमा (३१ बैशाख, १४ असार र २ असोज) स्थानीय निकायको निर्वाचन सम्पन्न भयो। २०७९ बैशाख ३० गते स्थानीय पालिकाको दोश्रो निर्वाचनबाट ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकाबाट कूल ३५,२२१ जना जनप्रतिनिधि छानेको थियो जसमा ६,७४३ वडाध्यक्ष, ६,७४३ महिल सदस्य, ६,७४३ दलित महिला सदस्य र बाकि खुल्ला सदस्यहरु निर्वाचित भएका थिए (स्थानीय निकाय भनेर गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका र जिल्ला समन्वय समिति, जिल्ला सभा समेतलाई भनिन्छ)। तर यो पुस्तिकामा स्थानीय सरकार/निकाय भन्नाले मूलतः गाउँपालिका, नगरपालिका र महानगरपालिकालाई भनिएको छ। स्थानीय निकायका व्यवस्थापिका भन्नाले गाउँ सभा र नगर सभालाई भनिएको छ। त्यसैगरी कार्यपालिका भन्नाले गाउँ कार्यपालिका र नगर कार्यपालिकालाई भनिएको छ। न्यायपालिकाको सवालमा छुट्टै संरचनाको प्रावधान नराखी संविधानको धारा २१७ ले पालिकाको उपाध्यक्ष वा उपप्रमुखले तीन सदस्यीय समितिको नेतृत्व गरी स्थानीय न्यायिक समिति गठन हुने प्रावधान उल्लेख गरेको छ। यसै प्रावधान अनुरुप नेपालमा अहिले ७५३ वटा न्यायिक समितिले संविधानको अनुसूचि ८ (र अनुसूचि ९) मा उल्लेखित सवालका विवादहरुमा न्यायिक सम्बोधन गरी रहेका छन्।

नेपालको राजनीतिमा अझै पनि पितृसत्तात्मक चिन्तनको प्रभाव बलियोसँग रहेकोले निर्वाचनमा उम्मेद्वारी निर्धारण गर्ने जिम्मेवारीमा बसेका राजनीतिक दलका नेताहरुले कानूनी प्रावधान अनुरुप मेयर वा उपमेयर वा अध्यक्ष र उपाध्यक्षमध्ये एक महिला हुनै पर्ने बाध्यता भए पछि अत्याधिक पालिकाहरुमा महिलालाई मेयर वा प्रमुखको पदको उम्मेद्वारमा नछानी उप प्रमुख वा उपमेयरमा खडा गरेका कारण न्यायिक समितिका अत्याधिक संख्यामा संयोजकहरु महिला रहेका छन्।

हाल देशभर सकृय रहेका न्यायिक समितिले सम्पन्न गर्नुपर्ने कामको क्षेत्राधिकारको श्रोत नेपालको संविधानको धारा २१७ भएकोले यसै अनुरुप संविधानको अनुसूचि ८ मा शक्ति बाँडफाँडको व्यवस्था गरिएको हो। यसरी हेर्दा संविधानमै स्थानीय तहमा न्यायिक अधिकार दिईनु समुदायमा न्याय पुऱ्याउने वा न्याय माथिको पहुँच बढाउने संसारमै अति कम मात्र भएको नौलो अभ्यास र परिक्षण हो। यो अभ्यासले न्यायका केही स्थापित सैद्धान्तिक मान्यताहरुलाई समेत चुनौती दिएको छ। जस्तै, राजनीतिक रुपमा पार्टीको प्रतिनिधित्व गर्दै निर्वाचित भएर उक्त व्यक्तिले निष्पक्ष भएर न्याय दिन बेञ्च खडा गरी न्यायिक अभ्यास गर्दा शक्ति पृथकीकरणको मान्यतालाई आत्मसात नगरेको भन्ने प्रश्न उठेको छ (रिजाल र उप्रेती, २०८१; रिजाल २०७८)। कुनै पार्टीको टिकटबाट निर्वाचन जिती उक्त पार्टीको सदस्य रहेकै अवस्थामा निष्पक्ष न्याय दिनु पर्ने पदीय जिम्मेवारी कसरी सन्तुलन हुन्छ भन्ने व्यवहारिक सवाल पनि अहिले उठ्न थालेको देखिन्छ।

## ५.२ न्यायिक समितिको अनुभव र सिकाइ

न्यायिक समितिको कामको अनुभव, यसका सदस्यहरुको भोगाइ र सिकाइ सम्बन्धी तथ्यांक संकलन र विश्लेषण गर्ने उद्देश्यले २०८० भाद्रदेखि २०८१ जेष्ठसम्म नेपालका विभिन्न जिल्लाहरु (दोलखा, काठमाडौं, चितवन, नवलपरासी पूर्व, सर्लाही, कास्की, ललितपुरलगायत) को स्थलगत भ्रमण, विभिन्न संघ-संस्थाले गरेका अध्ययन प्रतिवेदनको सुक्ष्म समिक्षा, न्यायिक समितिका संयोजकहरु तथा सदस्यहरु तथा झगडियाहरुसँगको कुराकानी, समाजका अगुवा व्यक्तिहरु, शिक्षक, पत्रकार, पालिकाका कार्यकारी अधिकृत, पत्रकार र निर्वाचित जनप्रतिनिधिसँग समिक्षात्मक छलफल तथा साना-साना गोष्ठीहरु र पालिका र सर्वोच्च अदालतका प्रतिवेदनहरुको माध्यमबाट यो अध्ययनको तथ्यांक संकलन र विश्लेषण गरेको थियो। प्रारम्भिक विश्ले षणलाई असारमा निलकण्ठ नगरपालिका धादिङको न्यायिक समितिमा प्रस्तुत गरी परिणामको सुनिश्चितता गरेको थियो। त्यसैको आधारमा यो पुस्तिका तयार गरिएको छ।

न्यायिक समितिको पहिलो कार्यकालका पहिला २-३ वर्ष सम्म त न्यायिक समिति सदस्यहरु तथा पालिकाहरुमा अस्पष्टता, अन्यौल नै देखिन्थ्यो किनकि यो सवाल नयाँ मात्र नभई आम मानिसमा यी न्यायिक समितिहरुले निष्पक्ष न्याय दिन सक्छन् कि सक्दैनन भन्ने शंका पनि बढि नै थियो। तर पछि बिस्तारै यो अवस्थामा परिवर्तन आउन थालि न्यायिक समितिको प्रभावकारिता र विश्वसनीयता पनि बढ्दै गएको देखिन्छ।

स्थानीय न्यायिक समिति मार्फत् स्थानीय स्तरमै न्याय-सेवा पुऱ्याउने काम समय, लागत र प्रभावका दृष्टिकोणबाट समेत अति उपयुक्त विकल्प हो। नेपालको पुरानो सामाजिक संरचना र पुरातनवादी चिन्तनबाट सिर्जित महिला, दलित, जनजाती, अल्पसंख्यक, बृद्धबृद्धा, बेसहारा, सिमान्तीकृत नेपाली जनताको न्यायमा सहज पहुँच पुऱ्याउनु यो समितिको प्रमुख जिम्मेवारी हो। त्यसैले यो निकै ठुलो चुनौती र अवसर पनि हो (आचार्य, २०२३)।

नेपाली समाजमा अझै पनि अवशेषको रुपमा रहेको पितृसत्तात्मक सोचबाट सिर्जित भेदभाव, असमानताबाट प्रभावित अन्यायपूर्ण गतिविधीको जनताका प्रतिनिधीले नै स्थानीय स्तरमा न्यायिक रुपमा सम्बोधन गर्ने प्रावधान आफैमा महत्वपूर्ण हो। यो प्रावधानको प्रभावकारी कार्यान्वयनबाट न्यायमा कमजोर बर्गको पहुँच सुनिश्चित गर्न ठूलो सहयोग पुग्नेछ भन्ने मान्यतामा न्यायिक समितिका संयोजकहरु र सदस्यहरुले काम गरिरहेहको देखिन्छ।

स्थानीय स्तरमै न्यायको सुनिश्चितता हुने र न्यायको सुनिश्चितताले समाजमा शान्ति, सद्भाव र सहकार्यको प्रवर्द्धन गर्ने (Bhattarai, 2022, आचार्य, २०२३) र परिणामतः लोकतन्त्रको सुदृढिकरणलाई समेत सहयोग पुऱ्याउने मान्यता संविधानमा रहेको छ। त्यसै मान्यतालाई व्यवहारमा उतार्नु न्यायिक समितिको जिम्मेवारी वा दायित्व हो र मूलतः यहि मान्यताको आधारमा स्थानीय समितिहरु सकृय रहेका छन्।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा सीमान्तकृत वर्गको न्यायमा पहुँचको क्षेत्रमा विगतमा भन्दा न्यायिक समितिको अभ्यासपछि धेरै सहज भएको न्यायिक समितिका सदस्यहरुको मात्र नभई स्थानीय व्यक्तिहरुको समेत भनाई रहेको पाईयो।

महिलाविरुद्धको हिंसा नेपालमा अहिले पनि विकराल समस्याको रुपमा रहेको छ। यसै सन्दर्भमा "संस्थागत सुधारमार्फत् न्यायमा पहुँच अभिवृद्धि परियोजना (२०७७)" ले तयार गरेको "कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको लागि अभ्यासकर्ता दिग्दर्शन" का अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले महिला विरुद्धको हिंसा सम्बन्धी विवाद हेर्न न्यायिक समितिलाई सिमित मात्र अधिकार दिएको छ। जस्तै पति-पत्नीबीच खान लाउन नदिएको र छोरा छोरीको शिक्षा सम्बन्धी अधिकार हनन् गरेको विवादमा स्थानीय तहको न्यायिक समितिमा उजुरी गर्न सकिने, सम्बन्ध विच्छेदसँग सम्बन्धित विवादमा पनि मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न निवेदन दर्ता गर्न सकिने तर सम्बन्ध विच्छेद हुनेगरी मेलमिलाप गराउन नसकिने, आदि। पालिकालाई यो सवालमा काम गर्न न्यायिक समितिको क्षमताका कारण अलि जटिल पनि भएको पाइयो। तर पनि न्यायिक समिति प्रभावकारी रहेको पालिकाहरुमा महिलालाई न्याय पाउन सहज भएको यस अध्ययनको क्रममा विभिन्न उत्तरदाताहरुले उल्लेख गरेका थिए।

न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, दफा ४९ को उपदफा ८ अनुसार अन्तरिम संरक्षणको आदेश पनि दिन सक्ने रहेछ। पति-पत्नीबीचको विवाद वा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा नीजसँग आश्रित अन्य कुनै व्यक्तिको हितका लागि अन्तरिम संरक्षणात्मक आदेश न्यायिक समितिले दिन सक्ने व्यवस्था कानूनले गरेको रहेछ (नेपाल कानून आयोग, २०७४)।

त्यस्तै पीडितलाई निज बसि आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न, पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन, पीडितलाई अलग रुपमा बसोबासको प्रबन्ध गर्नुपर्ने देखिएमा सो को व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरण-पोषणको लागि उचित व्यवस्था गर्न, पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न नगराउन, पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त व्यवस्था गर्न वा गराउने पनि

न्यायिक समितिको जिम्मेवारी रहेछ । यि प्रावधानहरु प्रभावकारी कार्यान्वयन गर्ने गराउने क्षमता भएका न्यायिक समितिबाट पीडितहरुले सहज रुपमा न्याय पाउन थप सहज भएको जानकारी अध्ययनको सिलसिलामा पाईएको थियो । तर यी सबै प्रावधानहरु पूर्ण कार्यान्वयन गराउन सक्ने अवस्थामा सबै स्थानीय पालिकाको न्यायिक समितिहरु नरहेको पाईयो । कानूनी ज्ञान तथा अन्य पूर्वाधारको व्यवस्था गरेको अवस्थामा सबै पालिकाहरुका न्यायिक समितिले यो काम प्रभावकारी रुपमा सम्पन्न गर्न सकिने धारणा अत्याधिक उत्तरदाताहरुको रहेको पाईयो ।

युनाईटेड मिशन टु नेपाल भन्ने संस्थाले रुकुम पूर्व, मुगु र बझाङ्ग जिल्लामा स्थानीय न्यायिक समितिलाई दिइएको तालिम बारे उल्लेख गर्दै न्यायिक समितिले तालिम पाएपछि काम गर्न सहज भएको, उनीहरुको भूमिका र जिम्मेवारीमा प्रष्टता आएको भनी उल्लेख गरेको छ (UMN, 2023) । हामीले दोलखा, काठमाडौं, ललितपुर, धादिङ, चितवन, सर्लाही, कास्की र नवलपरासी (पूर्व) मा गरेको अध्ययनमा पनि न्यायिक समिति सदस्यहरु र न्यायिक सहजकर्ताहरुलाई तालिम दिँदा काम प्रभावकारी भएको जानकारी अत्याधिक उत्तरदाताले दिएका थिए । स्थानीय न्यायिक समितिका सदस्यहरुले हामीसँगको छलफलमा सबैभन्दा बढि उठाएको विषयहरु मध्ये तालिम र क्षमता अभिवृद्धि पनि एक थियो र कमजोर क्षमताकै कारण धेरै न्यायिक समितिहरुले आफूले पाएको कानूनी जिम्मेवारी प्रभावकारी रुपमा पूरा गर्न कठिनाई भएको सवाल सशक्त रुपमा उठाएका थिए ।

नेपाल नगरपालिका संघ (२०७८) ले विभिन्न २९३ वटा स्थानीय पालिकाहरुका न्यायिक समितिबाट उनीहरुले गरेका सफल कामहरु मध्ये प्रत्येकले २-२ वटा उत्कृष्ट कामको विवरण मागी संश्लेषण गरेर प्रकाशित गरेको "न्यायिक समितिका असल अभ्यासहरु" भन्ने पुस्तिकामा बृद्ध आमाको संरक्षण, सिंचाई कुलो, जग्गा बाँडफाँड, बन संरक्षण, पति-पत्नी बिच मेलमिलाप, सहकारीको विवाद, घर भाडा, सरकारी जग्गा कब्जा, एकल महिलालाई न्याय, जेष्ठ नागरिकको विवाद संरक्षण, बधशाला विवाद व्यवस्थापन, बलेसी विवाद, मजदुरको क्षतिपूर्ति, सम्पत्ति संरक्षण, करार

विवाद, छिमेकी विवाद, साँध सिमा विवाद, गाली गलौज, बालबालिका संरक्षणको सरोकार, खानेपानी विवाद लगायतका न्यायिक समितिले मेलमिलाप र स्थानीय तरिकाले समाधान गरेका दर्जनौ विवादको विस्तृत विवरण उल्लेख गरेको छ। यो पुस्तिकाले पहिलो निर्वाचन पछिको चार वर्ष अवधिको न्यायिक समितिको कामलाई मात्र समेटेको भए पनि न्यायिक समितिले विभिन्न सिमितताका बाबजुद पनि स्थानीय स्तरमा न्यायको पहुँच बढाउन उल्लेख्य भूमिका खेलेको देखिन्छ। हामीले विभिन्न जिल्लामा न्यायिक समितिहरु र यसका उपभोक्ताहरुसँग गरेको छलफलहरुमा पनि स्थानीय तहमा र कमजोर वर्गको न्यायमा पहुँच पुऱ्याउन महत्वपूर्ण र प्रभावकारी भएको पाईयो।

औपचारिक न्याय प्रणालीबाटमात्र स्थानीय स्तरमा न्याय दिलाउन कठिनाई हुने (आचार्य, २०२३) परिप्रेक्षमा संविधानले नै औपचारिक र अनौपचारिक मिश्रित न्याय प्रणालीको मान्यता अनुरुप ७५३ वटै स्थानीय सरकारमा न्यायिक समिति सकृय रहि रहेको अवस्थामा दोश्रो निर्वाचन पश्चात न्यायिक समितिले थप अनुभव हासिल गर्दै आफ्नो दायित्व निर्वाहमा सकृय रहेको देखियो। काठमाडौं, भरतपुरजस्ता आर्थिक र जनशक्ति सम्पन्न पालिकाहरुमा न्यायिक समिति बढि सशक्त र प्रभावकारी भएको देखियो।

### ५.२.१. समाधानका लागि न्यायिक समितिमा आउने प्रमुख मुद्दाहरुः

हाम्रो यो नौ महिनाको अध्ययनको सिलसिलामा प्राप्त जानकारी र अरु अनुसन्धानकर्ता तथा अभ्यासकर्ता संस्थाहरुले गरेको अध्ययन तथा नेपाल नगरपालिका संघ (२०७८) ले गरेको संश्लेषण अनुसार न्यायिक समितिमा सबै भन्दा बढि आउने विवाद र द्वन्द्वहरुमा एक आपसको लेनदेन र कबुल अनुसार नगरेको; महिलालाई श्रीमानले अवहेलना गरेको, जग्गाको साँध सिमाना मिचिएको, बाबु-आमालाई छोराछोरीले नपालेको वा हेला गरेको वा दुःख दिएको; बाली-नाली हानी नोक्सानी गरेको; समयमा घर-जग्गा बहाल नतिरेको, गोरेटो बाटो, कुलेसो, सार्वजनिक जग्गा मिचेको, घर-टहरा निर्माण गर्दा बलेनी अर्काको जग्गामा पुग्ने गरी निर्माण गरेको, जग्गा सम्बन्धी

विविध विवाद (जालझेल, जग्गा पासमा झेली, थोरै जग्गा धितो, क्षेत्रफल नपुग, नीजि जग्गाबाट मर्का पर्ने गरी बाटो कुलो निर्माण आदी), सहकारी संस्थाहरुबाट आफ्नो वचत झिक्न नपाएको वा ऋण लिन नपाएको, नक्कली किसानहरुलाई जथाभावी कृषि तथा अरु सरकारी अनुदान दिएको, नाता कायम गर्ने, बिबाह दर्ता नगरिदिएको, सिंचाई, पानी वितरण सहि नभएको, खानेपानीको श्रोत सम्बन्धी दाबी विरोध, कुटपिट, मादक पदार्थ सेवन र गाली बेईज्जती, सम्बन्ध विच्छेद्, श्रीमान-श्रीमती बिच झगडा र छोड्न चाहेको, बाबुले बालबच्चा नपालेको वा खान लाउन नदिएको, परापूर्वकालदेखि एउटा समुदायले उपयोग गर्दै आएको पानीको मूलबाट विभिन्न श्रोतबाट आर्थिक सहयोग जुटाई त्यो पानीको मुहानबाट अर्को समुदायमा उपयोग गरी रहेको, समुदायको स्विकृतिविना नै पानी लैजान खोज्दा उत्पन्न विवाद आदी रहेका छन् ।

न्यायिक समितिमा कस्ता प्रकृतिका विवादहरु आउँदा रहेछन भन्ने उदहारणको लागि चन्द्रागिरी नगरपालिकाको न्यायिक समितिमा आएका मुद्दाहरुको निर्णयहरुको सारांश (चन्द्रागिरी नगरपालिका, २०८०) तल प्रस्तुत गरिएको छः

१) घर कोठा खाली गराउने ।
२) नातीको पालन पोषण लगायतको उचित व्यवस्थापन मिलाउने ।
३) खिचलो मेटाई दर्ता प्रमाण पुर्जा बमोजिम जग्गा कायम गराउने ।
४) छोरा बुहारीले कोठाबाट निकाल्ने ।
५) ज्याला बापत्को रकम दिलाउने ।
६) जग्गा तथा घर-टहरा किचलो मेटाउने ।
७) नापी नक्सा बमोजिम बाटो भोग चलन गराउने ।
८) कामको पारिश्रमिक समयमा नदिने ।
९) गैह्र कानूनी घर निर्माण कार्य रोक्का गर्ने ।
१०) परापूर्वदेखि चलिआएको बाटो बन्द गरेको भए खुलाउने ।
११) बहाल दिलाई घरबाट निष्कासन गर्ने ।

१२) पिल्लर भत्काएको ।

१३) उद्योग प्रदुषण नियन्त्रण गरी शान्तपूर्वक बाच्नेबारे ।

१४) बराबर अंशको साँध सिमाना मिचि खाएकोले नक्साअनुसार बराबर बनाउने ।

१५) सार्वजनिक बाटोको आवागमनमा भएको अवरोध खुलाउने ।

१६) सम्झौता बमोजिम घर कोठाको बहाल समयमा भुक्तानी गराउने ।

१७) बाटो तथा ढल निकास कायम गराउने ।

१८) जीवन निर्वाह व्यवस्था गराई शान्ति सुरक्षा गराउने आदी ।

१९) अन्य .......

हामीले छलफल गरेका अधिकांश जिल्लाका उत्तरदाताहरुले पनि माथि उल्लेखित सरोकारहरुसँग सम्बन्धित विवादहरु उठ्ने गरेको बताएका थिए ।

नेपालमा व्यवस्था भएको यस्तो प्रकृतिको न्यायिक समिति जहाँ कार्यकारी जिम्मेवारी समेत भएको जननिर्वाचित व्यक्तिहरुले न्यायिक सिद्धान्त अनुरुप न्याय दिने संसारकै नयाँ अभ्यास मध्येको हो भनिन्छ। यस्तो विशिष्ठ प्रकृतिको संरचना भएर पनि यसको कामको बारेमा पर्याप्त दस्तावेजीकरण, व्याख्या विश्लेषण चाहिँ भएको छैन । यी न्यायिक समितिहरुले अनुभवबाट खारिंदै हासिल गरेका असल अभ्यासहरु व्यवस्थित र नियमति रुपमा दस्तावेजीकरण र विश्लेषण गर्नु अति आवश्यक छ। यो अभ्यासको राम्रो विश्लेषण र प्रचार-प्रसार हुन सक्ने विश्वकै लागि एउटा नेपालबाट सिक्न सकिने पाठ हुनेछ। यो अध्ययन पनि एक कोशेढुंगा सावित हुन सक्दछ ।

### ५.२.२. **न्यायिक समितिले सामना गरेका समस्याहरुः**

न्यायिक समितिको विगत सात वर्षको कामको आधारमा यि समितिहरुले स्थानीय स्तरमै न्यायको सहज पहुँच पुर्‍याउने महत्वपूर्ण काम गरी ठोस अनुभव समेत हासिल गरिसकेका छन्। यो अवधिमा उनीहरुले आफ्नो जिम्मेवारी पूरा गर्ने सिलसिलामा त्यत्तिकै धेरै समस्या र कठिनाई पनि भोगेका छन् । यो खण्डमा यिनै भोगाइ र समस्याहरु बारे चर्चा गरिएको छ ।

सन्दर्भ सामाग्री, समिक्षा र न्यायिक समितिका सदस्यहरुसँग छलफल गर्दा उहाँहरुले सामना गर्नुपरेका मध्ये केही प्रमुख समस्या र चुनौतीहरु निम्न छन्ः

### ५.२.२.१. न्यायिक समितिमा पूर्वाधार र क्षमताको कमीः

यो अध्ययनबाट के जानकारी भयो भने धेरैजसो न्यायिक समितिमा समितिको कार्य सञ्चालनको लागि आवश्यक पूर्वाधारको कमी न्यायिक समितिले सामना गरेका समस्याहरु मध्य प्रमुख रहेछ। यसको बारेमा सार्वजनिक संचार माध्यममा पनि व्यापक चर्चा भएको देखिन्छ। उदहारणको लागि, काठमाडौं पोष्टले १९ जुलाई २०१९ मा न्यायिक समिति बारे एक समाचार छाप्यो जसमा लेखिएको थियो “प्रदेश ५ का सबैजसो न्यायिक समितिहरु कार्यालय स्थानाभावका कारण निष्कृय” (Aryal et al 2019)। त्यहाँ थप लेखिएको थियो भौतिक पूर्वाधार, कर्मचारी, कानूनी ज्ञान र जनचेतनाको अभाव नै न्यायिक समितिको कमजोर कार्यसम्पादनको कारण र चुनौती हो। त्यसै गरी ३० जनवरी २०२० मा काठमाडौं पोष्टले सम्पादकीय नै लेख्यो “स्थानीय न्यायिक समितिमा स्थानीय द्वन्द्व समाधान सिपको अभाव” भन्ने शिर्षकमा। यो अवस्था खासगरी दुर्गम क्षेत्रका र गाउँपालिकाहरुमा बढि देखियो।

विभिन्न समयमा विभिन्न व्यक्तिहरुले गरेको अध्ययनले पनि संस्थागत, दक्ष जनशक्ति र कानूनी प्रकृयाको जानकारीको अभाव, स्थानीय न्यायिक समितिको कामको मूल कठिनाई भएको देखाएको छ (USAID, 2021; Bhattarai, 2021; Bhattarai 2022; Wagle 2019; UMN 2023;, Shrestha & Wagle, 2019; Timsina 2020; अधिकारी २०२३;, सर्वोच्च अदालत, २०७९)। हामीले दोलखा, चितवन, नवलपरासी लगायतका जिल्लाहरुमा गरेको अध्ययनले पनि ‘क्षमता’, ‘ जनशक्ति’ र ‘श्रोत’ को अधिक अभाव न्यायिक समितिको प्रभावकारिताको प्रमुख अवरोध भएको देखाएको छ। स्थानीय सरकारहरुलाई संघीय सरकारले छाँयामा राखेको कुरा हाम्रा उत्तरदाताहरुले बारम्बार उठाएका थिए। कानून मिचिएला कि भन्ने डरले न्यायिक समितिको भूमिका बढि प्रभावकारी बनाउन नसकिएको उत्तरदाता न्यायिक समितिका केही सदस्यहरुले भनेका

थिए भने यसबारे रिपब्लीक दैनिकले पनि उल्लेख गरेको छ। नवलपरासीका न्यायिक समितिका सदस्यहरुले पनि यो सवाल बारेमा विस्तृत रुपमा चर्चा गरेका थिए।

५.२.२.२. **वार्षिक कार्ययोजनाको अभावः**

धेरै न्यायिक समितिहरुले श्रोत साधन सम्पन्न न्यायिक समिति बाहेक अनुभवको कमी, दक्ष सहयोगी जनशक्तिको अभाव, पालिकाको प्रमुखसँगको मनमुटावका कारण र प्रमुख प्रशासकीय अधिकृतले सहयोग नगर्दा वार्षिक कार्य योजना बनाउन नसकेको वा बनाएको पनि प्रभावकारी नभएको भनेर हामीले विभिन्न जिल्लामा आयोजना गरेको भेला र छलफलमा सहभागीहरुले उठाएका थिए। उनीहरुका अनुसार वार्षिक कार्य योजना नै बनाएर भन्दा पनि जति बेला झगडिया आई उजुर गर्छन् त्यसै अनुसार काम गरेको उल्लेख गरेका थिए। न्यायिक समितिका केही सदस्यहरुको विचारमा त यस्तो कार्ययोजना बने पनि व्यवहारिक नहुने र जे जस्तो समस्या आउँछ त्यतिखेरै सल्टाउनु पर्ने विचार राखेका थिए। वार्षिक कार्ययोजनाको अभावमा कामहरु हचुवाको भरमा गर्नु पर्ने, प्राथमिकता निर्धारण, श्रोत व्यवस्थापन र परिचालन जस्ता सवालमा कठिनाई पर्ने रहेछ।

५.२.२.३. **न्यायिक समितिलाई कार्यपालिकाको सहयोगमा कमीः**

न्यायिक समितिले सामना गरेका प्रमुख समस्याहरु मध्ये अर्को एउटा रहेछ कार्यपालिकाका अन्य पदाधिकारीहरुले न्यायिक समितिलाई अपेक्षित सहयोग नगर्नु। हामीले भेटेर छलफल गरेका बहुसंख्यक उत्तरदाता न्यायिक समिति सदस्यहरुले कार्यपालिकाले आवश्यक पर्ने जनशक्ति, आर्थिक श्रोत र भौतिक सहयोग अपेक्षित रुपमा उपलब्ध नगराईदिएको र न्यायिक समितिका निर्णयहरु कार्यान्वयन गर्न पालिकाले अपेक्षित सहयोग नगरेको र यी दुई सहयोग गरेको भए न्यायिक समितिहरु थप प्रभावकारी हुने धारणा सशक्त रुपमा राखेका थिए। कति पालिकामा त न्यायिक समितिलाई बेवास्ता नै गरेको पनि जानकारी पाईयो। पालिका प्रमुखले पूर्ण सहयोग नगरेको अवस्थामा आफैले मात्र प्रभावकारी काम गर्न नसक्ने रहेछ। त्यसैले

कार्यपालिकाबाट उचित बजेट विनियोजन तथा भौतिक सहयोग (कार्यकक्ष, कम्प्युटर, सवारी साधन, जनशक्ति आदी) र न्यायिक समितिका निर्णय कार्यान्वयन गर्न आवश्यक छ ।

### ५.२.२.४. **क्षमता अभिवृद्धिलाई प्राथमिकता नदिनुः**

न्यायिक समिति राजनीतिबाट आएका जनप्रतिनिधिहरुबाट बन्ने र उनीहरुले न्यायिक कार्य प्रभावकारी रुपमा सम्पन्न गर्न आवश्यक पर्ने कानूनी ज्ञान, सीप र शैक्षिक पृष्ठभूमि सबै सदस्यहरुको एकै स्तरको नभएको अवस्थामा उनीहरुको ज्ञान, सिप बढाउने कार्यपालिकाहरुले क्षमता अभिवृद्धिका विशेष कार्यक्रमहरु गर्नुपर्नेमा यो काम प्रभावकारी रुपमा नभएको र यसैको कारण कठिनाई भयो भन्ने उत्तरदाताहरु अधिक पाईए। विभिन्न प्रतिवेदनहरु (डिआरसी २०२३;, आचार्य, २०२३) ले पनि यो सवालमा पालिकाहरुले पर्याप्त ध्यान दिन नसकेको तथ्य उल्लेख गरेका छन् । जब न्यायिक काम गर्न अति आवश्यक पर्ने ज्ञान, सीप र श्रोतकै अभाव हुन्छ अनि काम प्रभावकारी हुने त सम्भावना नै भएन । न्यायिक समितिको क्षमता विकासमा सक्षम कानूनी पृष्ठभूमिका सहयोगी जनशक्ति (कानूनको दख्खल भएका) व्यवस्थापन गर्ने, न्यायिक कार्य सम्पादन गर्न मिल्ने र पर्याप्त कार्यकक्ष, कम्प्युटर, सवारी साधन र सुरक्षा सहयोगीको आवश्यक पर्ने भए पनि धेरै पालिकाहरुले यता तिर खासै ध्यान नदिएको अनुभवजन्य भोगाइ न्यायिक समिति सदस्यहरुले सशक्त रुपमा उठाएका थिए। क्षमता अभिवृद्धिको पूर्वशर्त नै तीनै तहको सरकारले यसमा आवश्यक लगानी गर्नु हो ।

### ५.२.२.५. **मेलमिलाप सम्बन्धी ज्ञान र सीपको अभावः**

मेलमिलाप न्यायिक समितिको महत्वपूर्ण काम हुँदा हुँदै पनि यो विशिष्ठ प्रकृतिको काम भएको र यसको सैद्धान्तिक ज्ञान र व्यवहारिक सिप पर्याप्त नभई मेलमिलाप प्रभावकारी हुन नसकेको अनुभव न्यायिक समिति सदस्यहरुको थियो। एकजना सदस्यले भन्नु भयो, “न्यायिक समितिको महत्वपूर्ण काम भनेकै गाउँमा देखिने विवादहरुलाई दुबै पक्षले नहारेको महसुस हुने गरी मेलमिलाप गराउनु हो। यो काम सजिलो रहेनछ र यसको लागि विशेष सीप, समन्वयकारी क्षमता र संचार दक्षता चाहिने रहेछ, अनि

कानूनको ज्ञान पनि। तर हामी जनताबाट आएका राजनीतिक पृष्ठभूमिका मानिसमा यि सीपहरुको पनि अभाव हुने भएकोले राम्ररी मेलमिलाप गराउन कठिनाई भयो। हामीले उनीहरुलाई गाउँमै सन्तुष्ट पारी मिलाउन नसक्दा फेरी उनीहरु विवाद समाधानमा जिल्ला नै जानु पर्यो र झन्झटिलो प्रकृया व्यहोर्नु पर्यो। जुन हामी र विवादमा संलग्न दुबैको लागि राम्रो होईन। कार्यपालिकाले मेलमिलाप सम्बन्धी विभिन्न पालिकाका न्यायिक समितिहरु बिच अनुभव आदान प्रदान, मेलमिलाप सम्बन्धी सैद्धान्तिक र व्यवहारिक तालिमको लागि आवश्यक श्रोत दिदैन। बाहिरी संस्थाहरुले केही यस्ता तालिम दिए पनि सबैले पाएका छैनन्"। यो भनाईबाट पनि प्रष्ट हुन्छ की मेलमिलाप सम्बन्धी ज्ञान र सीप कति महत्वपूर्ण हुने रहेछ र यसको न्यायिक समितिमा कति अभाव रहेछ।

### ५.२.२.६. **पालिका भित्र समन्वयको अभावः**

पालिका भित्रका विभिन्न विभागहरु र संरचनाहरु बिच न्यायिक समितिलाई सहयोग गर्ने इच्छाको अभाव देखियो। न्यायिक समितिको काम बृहत्त, आम जनतासँग प्रत्यक्ष जोडिएको र पालिका भित्रका विभिन्न विभाग, शाखाहरुको समेत सहयोग चाहिने हुँदा पालिका भित्रका संरचनाहरु (विभाग, शाखा, समिति आदी) बिच प्रभावकारी समन्वयको आवश्यक हुने तथ्य यो सात वर्षको पालिकाका न्यायिक समितिहरुका अनुभवले पनि पुष्टी गरेको छ। यसै सन्दर्भमा एकजना न्यायिक समितिका संयोजकले भन्नु भयो, "पालिका भित्रका विभागहरु बिचको समन्वय गराउने महत्वपूर्ण भूमिका प्रमुख कार्यकारी अधिकृतको हुन्छ। उनीहरु मेयरको इशारा अनुसार मात्र काम गर्छन्। मेयर न्यायिक समिति प्रति सकारात्मक भए उनीहरुले अलि-अलि सहयोग गर्छन्, नभए त वास्तै गर्दैनन्, भन्यो भने पनि कहिले हुन्छ हुन्छ मात्र भन्छन् गर्दैनन्, कहिले यो र त्यो नियम देखाएर सहयोग गर्दैनन्। मैले थाहा पाए सम्मका अधिक पालिकाहरुमा प्रमुख कार्यकारी अधिकृतहरुले न्यायिक समितिलाई अपेक्षित सहयोग गरेका छैनन्।" प्रमुख कार्यकारी अधिकृतहरु संघीय सरकारबाटै खटिएर आउने हुँदा उनीहरु स्थानीय सरकार प्रति भन्दा संघ प्रति बढि उत्तरदायी हुने प्रावधानको कारण पनि यो अवस्था भएको देखिन्छ।

### ५.२.२.७. **पीडितको सुरक्षामा कठिनाईः**

पीडितलाई सुरक्षा दिन कठिनाई भएको सवालमा एक न्यायिक समिति सदस्यले भन्नुभयो, "न्यायिक समितिमा आउने कतिपय विवाद अति संबेदनशील (महिला, बालबालिका, कमजोर अवस्थाका मानिस) हुने र कतिपयमा पीडितलाई सुरक्षित राख्नुपर्ने अवस्था आउँछ, प्रहरीकै सुरक्षा पनि आवश्यक पर्छ, पीडितमैत्री सुनुवाई स्थलहरु हुनु पर्दछ। तर यस्तो व्यवस्था गर्न नसक्दा कठिनाई भएको छ। नगर प्रहरीको आफ्ना धेरै काम छन् र उनीहरु व्यस्त पनि हुन्छन् अनि न्यायिक समितिमा तोकेर जिम्मेवारी पनि दिएको हुँदैन सबै ठाउँका नगर प्रहरीलाई। त्यसैले कति अवस्थामा हामीलाई पीडितको सुरक्षा गर्न पनि कठिनाई र चुनौती भईरहेको छ"। सहज न्याय दिने सन्दर्भमा यो अत्यन्त महत्वपूर्ण र प्राथमिकता पाउनु पर्ने सवाल हो। यसमा पालिका, प्रदेश र संघले नै विशेष पहल गरी यसको व्यवस्थापन गर्नु अति आवश्यक छ।

### ५.२.२.८. **उद्धारमा कठिनाईः**

न्यायिक प्रकृयामा केही यस्ता गतिविधि हुन्छन् जसको लागी विशेष व्यवस्था गर्नु पर्दछ। त्यस्तै मध्येको एक हो उद्धार समुह परिचालन। उद्धार समुहहरु परिचालनमा कठिनाई (समन्वय, श्रोत, तत्परता आदी) ले गर्दा न्यायिक समिति प्रभावकारी हुन सक्दैनन्।

बालबालिका, अशक्त र बृद्धबृद्धा वा त्यस्तै विशेष परिस्थितिका व्यक्तिहरुको तत्काल उद्धार गर्नुपर्ने अवस्थामा सुरक्षित राख्ने ठाउँको अभाव/श्रोतको अभाव, सेवा केन्द्र वा संकट व्यवस्थापन केन्द्र, बाल सुधार गृह, पुनर्स्थापना केन्द्र जस्ता सेवा प्रदायक संरचनाहरुको अभावका कारण कतिपय अवस्थामा न्यायिक समिति प्रभावकारी हुन सकेका रहेनछन्।

### ५.२.२. ९. **मेलमिलाप केन्द्रको प्रभावकारीता कमीः**

स्थानीय सरकारले विभिन्न विकास साझेदार संस्थाहरुको सहयोगमा वा आफ्नै श्रोतबाट पनि मेलमिलाप केन्द्र खोली सेवा दिईरहेका छन् तर

मेलमिलाप केन्द्रको क्षमता, तत्परता र समन्वयमा पनि कमजोरी देखिएको छ। मेलमिलाप नै न्यायिक समितिको महत्वपूर्ण काम भएको र यही प्रावधानको क्षमता कमजोर हुँदा न्यायिक समिति प्रभावकारी हुँदैनन् ।

**५.२.२.१०. अशक्तहरुको न्यायिक समितिमा पहुँचमा कठिनाईः**

अशक्त (बृद्धबृद्धा), जेष्ठ नागरिकहरु, अपाङ्गता भएका व्यक्तिलाई न्यायिक समितिसम्म पुग्न सहज पहुँचमा कठिनाई (कतिपय अवस्थामा भौतिक पहुँच भई कठिनाई) भएको पाईयो। यसले गर्दा सबै नागरिकले सहज कानूनमा पहुँचबाट पनि वञ्चित हुने अवस्था आउँछ। नेपालको संविधानले समेत यो सवाललाई सुनिश्चित गरेको परिवेशमा यो कठिनाई सम्बोधन गर्न पालिकाहरुले आफ्नो पालिकामा सशक्त बनाउन श्रोत परिचालनमा विशेष ध्यान दिन आवश्यक छ ।

**५.२.२.११. पीडितको गोपनीयता सुरक्षित गर्ने चुनौतीः**

हाम्रो अनुसन्धान र छलफलको क्रममा केही सरोकारवालाहरुले यो सवाल पनि सशक्त रुपमा उठाउनु भएको थियो । धेरै न्यायिक समितिको आफ्नो छुट्टै र सुरक्षित कार्यालय पनि नभएको र कागजातहरु समेत सुरक्षित राख्ने राम्रो भौतिक संरचनाको अभाव, बयान लिने कक्ष, प्रतिक्षालय नभएको र कहीं-कहीं यस्ता संरचना केही भए पनि सुरक्षित नभएको भन्ने जानकारी पाईयो । पीडितसँग बयान लिने काम कतिपय अवस्थामा पूर्ण गोप्य रुपमा गर्नुपर्ने र यसलाई सुरक्षित राख्नुपर्ने हुन्छ तर उचित पूर्वाधारको अवस्थामा यी कामहरु पनि प्रभावकारी हुन नसकेको पालिकाका न्यायिक समिति सदस्यहरुबाट विभिन्न ठाउँमा भएका छलफलबाट थाहा भयो ।

**५.२.२.१२. अन्तरिम राहतमा कठिनाईः**

न्यायिक समितिले खास खास अवस्थामा पीडितलाई छोटो समयको लागि राहत दिनु पर्ने हुन्छ। तर केही न्यायिक समितिहरुमा पीडितलाई अन्तरिम राहत आवश्यक पर्ने अवस्थामा यसको उपलब्धता र व्यवस्थापनमा कठिनाई देखियो । यो अवस्थाले पनि न्यायिक समितिको प्रभवकारितामा प्रश्न उठ्ने अवस्था आउन सक्ने रहेछ ।

### ५.२.२.१३. **कानूनी सेवा/परामर्शको अभावः**

केही न्यायिक समितिहरुमा पीडितहरुको लागि दिईने कानूनी सेवा र परामर्श प्रभावकारी पहुँच कठिनाई भएको पाईयो। जिल्ला कानूनी सेवा समिति, सेवा केन्द्रहरु, बार एशोसियसनका इकाईहरु मार्फत् कानूनी परामर्श उपलब्ध हुने व्यवस्था भएर पनि यसको पहुँचमा कठिनाई रहेको न्यायिक समिति सदस्यहरुको भनाई थियो।

### ५.२.२.१४. **गुनासो सुन्ने संयन्त्रको अभावः**

बालबालिका, महिला तथा जेष्ठ नागरिकमा हिंसा हुने सम्भावना बढि हुने हुँदा यसको लागि सशक्त निगरानी समुह र सचेतना जागरण समुह जस्ता प्रावधान प्रभावकारी हुन्छन्। त्यसैले संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयहरुले प्रत्येक स्थानीय तहहरुमा गुनासो सुन्ने संयन्त्र स्थापना गर्न परिपत्र पनि गरेको रहेछ। तर धेरै पालिकाहरुले यस्ता संयन्त्रहरुको स्थापना र व्यवस्थित संचालन गरी सकेका रहेनछन् जसले गर्दा न्यायिक समितिलाई प्रभावकारी रुपमा काम गर्न कठिन हुने रहेछ।

### ५.२.२.१५. **कार्यकारी अधिकृतको सरुवाको समस्याः**

संघीय सरकारले कार्यकारी अधिकृतको सरुवा गर्ने भएकोले स्थानीय सरकार हरुले केही गर्न नसक्ने हुँदा संघीय सरकारले एकै वर्षमा तीन चार पटकसम्म पालिकाका प्रमुख प्रशासकीय अधिकृत सरुवा भएको कारण पालिकाबाट प्रशासनिक सहयोग पाउन कठिनाई भएको भनाई हाम्रो छलफलको क्रममा सशक्त रुपमा आएको थियो।

### ५.२.२.१६. **क्षेत्राधिकारको विवादः**

नेपालको संविधानको अनुसूचिमा उल्लेखित तीन तहका सरकारको शक्ति बाँडफाँडलाई व्यवहारमा उतार्न नसक्दा तीन तहका सरकार (संघ, प्रदेश र स्थानीय सरकार) बिच क्षेत्राधिकारको विवाद तथा यी तीन तह बिच शक्ति बाँडफाँड र श्रोत परिचालनको जटिलताका कारण द्वन्द्व देखिएको र यसले

न्यायिक समितिको काममा प्रत्यक्ष नकरात्मक प्रभाव परेको भन्ने न्यायिक समितिका सदस्यहरुबाट बारम्बार सुनियो। साथै संघले समयमा कर्मचारी नपठाईदिने सम्बन्धित कानून समयमा नबनाई दिने, समयमा कर्मचारी नपठाई स्थानीय सरकारलाई काममा ज्यादै कठिनाई भएको र नकारात्मक यसको प्रभाव न्यायिक समितिमा परेको रहेछ। काभ्रेको धुलिखेल नगरपालिकाका मेयरले त सर्वोच्च अदालतमा दायर गरेको एक निवेदन अनुसार 'नमुना कानून' पठाएर, निजामती कर्मचारी समायोजनको क्रममा र बजेट निर्धारण गर्दा संघीय सरकारले संविधानको मर्म विपरीत गई रहेको भन्ने डेमोक्रेसी रिसोर्स सेन्टर (२०१८) का प्रतिवेदनमा उल्लेख छ।

५.२.२.१७) **स्थानीय पालिका र क्षेत्रगत कार्यालय बिच विवादः**

विगतको राज्य प्रणालीमा केन्द्रिकृत प्रावधान अनुसार चलेका र लामो समयसम्म निर्वाचित जन प्रतिनिधीविना नै आफै सर्वेसर्वो भएर काम गर्ने, शक्ति र श्रोत आफ्नै निर्णयमा चल्ने अभ्यासका कारण उनीहरुले संघीयताको मर्म नै बुझेनन् परिणामतः संघीयता कार्यान्वयनमा आएपछि पनि पुरानै मानसिकता र पुरानै अभ्यासबाट काम गर्दा यो समस्या देखिएको हो। डेमोक्रेसी रिसोर्स सेन्टर (सन् २०१८) का अनुसार विगतमा जिल्लास्तरका जस्तै क्षेत्रगत कार्यालय तथा स्थानीय एकाइबीच क्षेत्राधिकारबारे द्वन्द्वहरू उठ्ने रहेछन्। इलाममा स्थानीय सरकार र जिल्ला शिक्षा कार्यालयबीच द्वन्द्व देखिएको रहेछ। २०७३ माघ ९ गते आफ्नै शिक्षा नियमावली अन्तर्गत निर्णय लिँदै सन्दकपुर गाउँपालिकाले दुई जना स्थायी शिक्षकको सरुवा गरेको रहेछ तर जिल्ला शिक्षा कार्यालय इलामले स्थायी शिक्षकको सरुवा सम्बन्धी अधिकार स्थानीय सरकारमा नभएर जिल्ला शिक्षा कार्यालयमै रहेको भन्दै उक्त निर्णय बदर गरको रहेछ। तर संविधान र स्थानीय प्रशासन ऐनले स्थानीय एकाइहरूलाई आधारभूत तथा माध्यमिक तहको शिक्षामाथि क्षेत्राधिकार प्रदान गरेकोले पालिकाहरु आफू निर्णय गर्नुपर्ने अडानमा रहेछन्। यसले गर्दा पालिका र न्यायिक समितिको काममै प्रभाव पारेको रहेछ (डेमोक्रेसी रिसोर्स सेन्टर, सन् २०१८)।

### ५.२.२.१८. **पालिका प्रमुख र उप-प्रमुख बिच द्वन्द्वः**

स्थानीय सरकार प्रमुख र उपप्रमुखबीच धेरै ठाउँमा द्वन्द्व रहेको र प्रमुखहरुले निर्णय लिने बेलामा उपप्रमुखहरूसँग छलफल तथा सल्लाह नगर्ने, उनिहरुलाई काम गर्न आवश्यक पर्ने श्रोत, साधन र जनशक्ति सुविधा नदिइएको, प्रमुखको सहायकको रुपमा मात्र उप प्रमुखलाई व्यवहार गरिएको भन्ने सवाल हाम्रो अनुसन्धानको क्रममा बारम्बार उठेको थियो। फरक फरक दलहरुका पालिका प्रमुख र उपप्रमुख रहेका स्थानीय सरकारहरूमा त यो द्वन्द्व अझ बढि भएको रहेछ। यति सम्मकी सप्तरीको तिलाठी-कोइलाडी गाउँपालिकाका उपाध्यक्षले अध्यक्षविरुद्ध आफूलाई संलग्न नगराइकनै न्यायिक समिति गठन गरेको आरोपसहित अदालतमा मुद्दा नै हालेको विवरण डेमोक्रेसी रिसोर्स सेन्टरका प्रतिवेदनमा उल्लेख छ (डेमोक्रेसी रिसोर्स सेन्टर, २०१८)।

### ५.२.२.१९. **न्यायिक समिति संयोजकका पतिहरुबाट हस्तक्षेपः**

महिलाहरु उपमेयर भएका मूलतः तराईका पालिकाहरुमा उनीहरुका पतिहरुले न्यायिक समितिको काममा हस्तक्षेप गरे भन्ने चर्चा निकै चलेको र संचार माध्यमबाट पनि व्यापक आएको थियो। हाम्रो अध्ययनको क्रममा पनि यो तथ्य उजागर भएको पाइयो। डेमोक्रेसी रिसोर्स सेन्टर (२०१८) भन्ने संस्थाको पर्यवेक्षण प्रतिवेदनमा महोत्तरी तथा धनुषाका केही स्थानीय सरकारमा महिला उपप्रमुखहरूका पतिहरूले न्यायिक समितिको सम्पूर्ण अधिकार आफैँले प्रयोग गरी निर्णय लिने र न्यायिक समितिको संयोजकको भूमिका चाँहि पतिले तोकेको कागजातमा हस्ताक्षर गर्नुमा मात्रै सीमित रहेको तथा कहिंकहिं उपप्रमुखहरू आफैँले आफ्ना पतिलाई 'सहायक वा सल्लाहकार' को भूमिकामा नियुक्त गरेको उल्लेख छ। अधिकांश पालिका उप-प्रमुखहरु महिला भएको र उनीहरुले आफ्नो कार्य सम्पादनमा खास गरी तराई-मधेशका परिवारको पुरुष र विशेष त पतिको सहयोग लिने गरेको कुरा आफ्नो तराईका विभिन्न जिल्ला भ्रमणको सिलसिलामा पाएको कुरा लैगिंक सम्बन्ध अध्येता तथा खाद्य सुशासन विज्ञ डा.यमुना घलेबाट एक छलफल कार्यक्रममा रोचक रुपमा प्रस्तुत भएको थियो र

कति अवस्थामा त पति नै उप-मेयरको कुर्सीमा बसी उप-मेयरले गर्ने काम गरेको, श्रीमतीको सहयोगी, राजनीतिक सल्लाहकार तथा अनौपचारिक, अवैतानिक सल्लाहकारको रुपमा समेत रहेर यस्ता काम गरी दिने गरेको, काठमाडौंमा हुने गोष्ठी, भेलामा संस्थाहरुले उप-मेयरलाई बोलाउँदा पतिले आफू पनि आउन पाउने भए उपमेयर आउने नत्र उपमेयर मात्र नआउने भनी महत्वपूर्ण छलफलमा सहभागी हुनबाट वञ्चित गरेको अवस्था रहेको समेत डा.घलेले जानकारी गराउनु भएको थियो। सहज, सरल र निष्पक्ष न्याय दिने सवालमा यो जटिल चुनौती हो।

### ५.२.२.२०. **आवश्यक कानूनी ज्ञानको अभावः**

हाम्रो न्यायिक समितिहरुसँगको छलफलमा यो कानूनी ज्ञानको अभाव अति धेरै उठेको र जटिल समस्या भएको भनेर उत्तरदाताहरुले बारम्बार भनेको पाईयो। कुन विवादको मुद्दा दर्ता गर्नु हुने र कुन गर्न नहुने हो त्यो बारेमा पनि राम्रो जानकारी र नीतिगत प्रष्टता नहुँदा गम्भिर अपराधका मुद्दा पनि दर्ता हुन आउने गरेको र यसले पछि जटिलता थप्ने गरेको अवस्थाको बारेमा पनि नवलपरासी (पूर्व), दोलखा, चितवन जिल्लाको छलफलमा उठेको थियो।

डेमोक्रेसी रिसोर्स सेन्टरले (सन् २०१८ जनवरीदेखि मेसम्मको) नेपालमा स्थानीय सरकारको कार्य सञ्चालन र चुनौती सम्बन्धी प्रारम्भिक प्रतिवेदनका अनुसार न्यायिक समितिका संयोजकहरुमा पर्याप्त कानूनी तथा प्राविधिक क्षमता नभएको र समितिको यथार्थ भूमिका तथा जिम्मेवारी स्पष्ट नबुझेको उल्लेख छ। उक्त प्रतिवेदन अनुसार न्यायिक समिति गठनमा ढिलाइ भएको (सन् २०१८ को मे महिनासम्म पनि केही ठाउँमा न्यायिक समिति गठन नभएको, पर्साको विरगंज उपमहानगरपालिका जस्ता केही स्थानीय एकाइमा ४०० भन्दा बढी मुद्दा आइसकेको तर कुनैमा पनि निर्णय नलिइएको, बाजुरा तथा अछाम जस्ता दुर्गम जिल्लाका नागरिकहरूले आफूलाई न्यायिक समितिका प्रावधानबारे थाहा नभएको उल्लेख छ (डिआरसी, २०१८)।

परम्परागत न्यायिक प्रणाली रहेका मुस्ताङ, बर्दिया जिल्लामा न्याय दिने पुराना र स्थानीय ज्ञान जन्य अभ्यास र न्यायिक समिति जस्तो नयाँ न्याय

प्रणाली बाभिन्न सक्ने सम्भावना पनि रहेछ। यो अवस्थाको बारेमा यो डेमोक्रेसी रिसोर्स सेन्टर (२०१८) को प्रतिवेदनमा विस्तृत रुपमा देखाएको छ।

### ५.२.२.२१. सरकारी कर्मचारी तथा निर्वाचित प्रतिनिधिबीच द्वन्द्वः

निर्वाचित प्रतिनिधिहरू र नेपाल सरकारका स्थायी कर्मचारीहरू बिचको राजनीतिक र व्यवसायीक मतभेद कै कारण धेरै स्थानीय एकाइहरूमा स्थानीय सरकारको आधारभूत कार्यसम्पादनमा असर पारेको रहेछ (डेमोक्रेसी रिसोर्स सेन्टर (२०१८)। हाम्रो विभिन्न जिल्लाको छलफलमा बारम्बार न्यायिक समितिका धेरै संयोजकहरुले कर्मचारीबाट यहि कारण अपेक्षाकृत सहयोग नपाएको सवाल उठाउनुभएको थियो। लगभग दुई दशकसम्म स्थानीय एकाइका कार्यकारी पदमा रहेका सरकारी कर्मचारीले निर्वाचित निकायहरूको अधिकार सहजै स्विकार्न नचाहेको र निर्वाचित अधिकारीहरूको जिम्मेवारीलाई कमजोर बनाउन खोजेको बुझाई निर्वाचित अधिकारीहरू रहेछ। शासनमा लामो अनुभव राखेको ठान्ने निजामती कर्मचारी र जनताले छानेको हुनाले आफूमा वैधानिकता रहेको ठान्ने निर्वाचित प्रतिनिधिबिच प्रतिस्पर्धा रहेको, प्रमुख प्रशासकीय अधिकृतलाई अत्यन्तै धेरै अधिकार दिइएको भन्ने निर्वाचित प्रतिनिधिहरू बुझाई रहेको, निजामती कर्मचारीहरू भने निर्वाचित प्रतिनिधिहरूले नियम कानूनलाई खासै वास्ता नगर्ने तथा मतदाता रिझाउने काममा बजेट निकासा गर्नमा मात्रै ध्यान दिने गरेको, उनिहरुले महत्वपूर्ण सामाजिक क्षेत्रहरू बेवास्ता गरेको भन्ने डेमोक्रेसी रिसोर्स सेन्टर (२०१८) को प्रतिवेदनमा उल्लेख छ।

यो डेमोक्रेसी रिसोर्स सेन्टर (२०१८) ले विभिन्न जिल्लाहरुमा भएका विवादको विस्तृत विवरण उल्लेख गरेको छ। यो रिसोर्स सेन्टरका अनुसार तनँहुको बन्दीपुर गाउँपालिकाले २०७४ फागुनमा सबै वडाका सबै वन उपभोक्ता समितिहरू भंग गर्दै सबै वडामा नयाँ समिति गठन गर्ने र गाउँपालिकाको अनुमतिविना वन पैदावर निर्यात नगर्न पनि सबै सामुदायिक वन उपभोक्ता समूहलाई निर्देशन दियो। तर जिल्ला वन कार्यालयले गाउँपालिकाको उपभोक्ता समिति भंग गर्ने निर्णय प्रचलित कानून विपरीत भएको र यस्तो

भंग गर्ने निर्णय वन ऐन २०४९ तथा वन नियमावली २०५१ अनुसार जिल्ला वन कार्यालयको रहेको भनि विरोध गर्यो । डेमोक्रेसी रिसोर्स सेन्टर (२०१८) का अनुसार बाँके, सिराहा, रुकुम (पूर्व) लगायतका केही स्थानीय तहमा वडा अध्यक्षहरूले मेयर तथा अध्यक्षहरू अर्कै दलको भएकाले आफ्नो वडाले अपर्याप्त बजेट पाएको गुनासो गरेको, उपभोक्ता समितिहरू गठन गर्दा निर्वाचित प्रतिनिधिका नजिकका व्यक्तिहरूलाई रकम निकासा गर्नका लागि प्रयोग गर्ने गरेको र आफ्नो फाईदाको लागि अस्वाभाविक रूपमा ठूलो बजेट बनाएको भन्ने पनि यो प्रतिवेदनमा उल्लेख छ[२] । यस्ता तनाव र द्वन्द्व कै कारण न्यायिक समितिले समेत कठिनाई भोग्नु परेको पाईयो ।

### ५.२.२.२२. **न्यायिक समितिको निष्कृयता**ः

अध्ययनको सिलसिलामा केही न्यायिक समिति सकृय हुन नसकेको वा निष्कृय नै भएको पाईयो । यसको प्रमुख कारणहरुमा श्रोतको अभाव, ज्ञान र सीपको अभाव, जनशक्ति अभाव, पालिका प्रमुखहरु र कार्यकारी प्रमुखहरुको असहयोग आदि न्यायिक समिति निष्कृय बनाउने प्रमुख कारण रहेछन् । उदाहरणको लागि न्यायिक समितिको पहिलो कार्यकालमा कर्णालीका धेरै स्थानीय तहमा न्यायिक समिति निष्कृय रहेकाले सर्वसाधारणले सानो विवाद र मुद्दामा पनि न्याय पाउन नसकेको अन्नपूर्ण पोष्टको २०७६ जेठ ३१ शुक्रबारको अंकमा रहेको शिलापत्रले उल्लेख गरेको छ[३] । हामीले सम्पर्क गरेका न्यायिक समिति सदस्यहरु भन्दा बाहिरका उत्तरदाताहरुको बुझाई पनि यस्तै थियो ।

### ५.२.२.२३. **पुरुषप्रधान सामाजिक मनोबिज्ञान**ः

समग्रमा अधिकांश न्यायिक समितिमा महिलाहरु भएको र हाम्रो देशमा महिलाहरु न्यायिक काम गर्न सक्दैनन् भन्ने सामाजिक मनोबिज्ञानले महिलाको नेतृत्वदायी भूमिका कमजोर हुने र न्यायिक समितिको संयोजक महिला भएको अवस्थामा खासगरी दुर्गम र पिछडिएको क्षेत्रमा समाजले

२ file:///H:/0%20DSSBS/0%20KMF_KPSRL_Judicial%20Committee/book/reference/DRCN_OPPG_Preliminary-Findings-Report_NEP_02092018-1.pdf

३ https://shilapatra.com/detail/7015

सहजै नस्विकार्ने र पूरा न्यायिक समितिमा सबै महिला भएको अवस्थामा त यो समस्या अझ चर्को रहेको तथ्य यस अध्ययनका उत्तरदाताहरुबाट व्यक्त भयो ।

५.२.२.२४. **उपमेयरको कामको बोझः**

कति वटा न्यायिक समितिको प्रभावकारितामा उपमेयरहरुको कानूनी रुपमा परिभाषित भएका महत्वपूर्ण कार्यहरुको कारण बढेको कार्यबोझ पनि रहेछ, खासगरी उपमेयरहरुलाई सघाउने दह्रो टिम नभएको अवस्थामा उप-मेयरले नै पालिकाको राजश्व परामर्श सम्बन्धी बजेट तथा योजना सम्बन्धी र न्यायिक समिति सम्बन्धी गरी अति महत्वपूर्ण तीन वटा क्षेत्रको नेतृत्व गर्नुपर्ने हुँदा यसलाई प्रभावकारी रुपमा सम्पन्न गर्न विज्ञहरुको सहयोग आवश्यक पर्ने तर विज्ञहरु उपमेयरलाई सहयोग गर्न उपलब्ध नहुँदा काममा बाधा परेको तथ्य प्रत्येक छलफलमा उठेको थियो ।

५.२.२.२५. **दलीय राजनीतिकरणको प्रभावः**

राजनीतिक दलहरुबाट निर्वाचित प्रतिनिधिहरूबाटै अधिकांश न्यायिक समितिहरू बन्ने हुनाले र राजनीतिक दलहरुले आफ्ना पक्षका न्यायिक समिति सदस्यहरुलाई राजनीतिक लाभको लागि उपयोग गर्दा न्यायिक समिति नै विवादित हुने, प्रभावकारी नहुने र पूर्ण राजनीतिकरण हुन सक्ने सम्भावना रहेको पनि डेमोक्रेसी रिसोर्स सेन्टरको प्रतिवेदनमा उल्लेख छ (डेमोक्रेसी रिसोर्स सेन्टर, २०१८) । हाम्रो अध्ययनको सिलसिलामा पनि समस्या रहेकोबारे व्यापक प्रश्न उठेको थियो ।

धेरै न्यायिक समितिमा सहजकर्ताका रुपमा रहेका मेलमिलापकर्तालाई राजनीतिक दलको कार्यकर्ताको रुपमा हेरिने गरेको पनि पाईयो । नेपालको राजनीतिमा देखिएको एउटा चरित्र हो राज्य संरचना, समाज, विश्वविद्यालय र सर्वत्र राजनीतिकरण त्यसैले जो सुकैलाई पनि विज्ञताको दृष्टिकोणबाट हेर्ने भन्दा पनि पार्टी लाईनबाट हेर्ने र त्यही अनुरुप व्यवहार गर्ने अभ्यास भएकोले कतिपय निष्पक्ष रुपमा काम गरिरहेका मेलमिलापकर्ताहरुलाई पनि यही मान्यताबाट हेरेको पाईयो । कति ठाउँमा चाहिँ मध्यस्थकर्ताहरुको

विगतको पृष्ठभूमि पनि कुनै दलको नजिक भएको कारण न्यायिक समितिमा काम गर्दा उनीहरुलई दलीय दृष्टिकोणबाट व्यवहार गरेको पाईयो ।

### ५.२.३. न्यायिक समितिको प्रभावकारीताको लागि सुधारका क्षेत्रहरु:

विगत सात वर्षको न्यायिक समितिको अनुभवको आधारमा न्यायिक समितिहरुले मूलतः आफ्नो औचित्य सशक्त रुपमा पुष्टि गरिसकेका छन् । यो संसारकै एउटा नौलो अभ्यास भएर पनि निकै उपयोगी देखिएको छ । यी न्यायिक समितिहरुलाई प्रभावकारी बनाउन हाल कायम रहेको विभिन्न अस्पष्ट प्रावधानहरुको व्याख्या, सुधार, विस्तृतीकरण वा नयाँ प्रावधान थप गरी क्षमता विकास, श्रोतको उपलब्धता र समन्वयको माध्यमबाट न्यायमा स्थानीय जनताको सहज पहुँच सुनिश्चित गर्न आवश्यक छ । यस्ता सुधारका सम्भाव्य क्षेत्रहरुको संक्षिप्त चर्चा तल गरिएको छ ।

#### ५.२.३.१. कानून, नियमावली तथा नियम कार्यविधी सुधारः

कतिपय मौजुदा कानूनहरु (खासगरी देशमा संघीय प्रणाली शुरु हुन अघिका वन ऐन लगायत) न्यायिक समिति (स्थानीय सरकार संचालन ऐन) को मर्म र भावनासँग राम्ररी तालमेल नभएकोले संघबाट यिनीहरुको परिमार्जन गर्नु आवश्यक छ । सात वर्षको अनुभवको आधारमा न्यायिक समितिको काम प्रभावकारी बनाउन अवरोध गर्ने कानून, नियमावली तथा कार्यविधीको सुक्ष्म समिक्षा गरी सुधार गर्न आवश्यक छ ।

#### ५.२.३.२. न्यायिक समिति सम्बन्धी जनचेतना अभिवृद्धिः

अहिले पनि न्यायिक समिति सम्बन्धी सम्पूर्ण जनमानसमा पूर्ण जानकारी नभएकोले पनि यसको प्रभावकारितामा प्रभाव पारेको रहेछ । झगडियाहरुले रातीसम्म पनि कार्यकक्षमै रहेर झगडा र विवाद गरी रहने र उनीहरुलाई सम्झाइ बुझाइ गरी मेलमिलाप गराउनु पर्ने तर उनीहरु जति सम्झाउँदा पनि नसम्झने गरेको भोगाइ न्यायिक समिति संयोजकहरुले व्यक्त गर्नु भएको थियो । यस्तो अवस्थामा परिर्वतन ल्याउन प्रत्येक पालिकाहरुले वडास्तरमा न्यायिक जनसचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

### ५.२.३.३. **कानूनको ज्ञान भएको जनशक्ति उपलब्धताः**

सबै स्थानीय न्यायिक समितिमा कानूनको राम्रो ज्ञान भएका सहजकर्ता, कानून अधिकृतहरु उपलब्ध नभएकोले कानूनी जटिलता आउने र कानूनी स्पष्टता नहुँदा कार्य सम्पादनमा कठिनाई हुने भएकाले यस्तो अवस्थाको सम्बोधन गर्न कानूनी ज्ञान भएको व्यक्ति स्थानीय न्यायिक समितिको काम गर्ने गरी व्यवस्था गर्न अति आवश्यक छ। त्यसै गरी अहिलेसम्म न्यायिक समितिको लागि कार्यरत रहेका सबै मेलमिलापकर्ताहरु कानूनी दखल नभएको हुँदा न्यायिक समितिले सम्पन्न गरेका र गर्ने कार्यहरु कानून सम्मत भएको सुनिश्चिततामा कठिनाई भएको देखियो। यो समस्याको समाधान गर्न प्रदेशले वा पालिकाले वा विभिन्न साझेदार संस्था मार्फत् कार्यरत, न्यायिक सहजकर्ताहरुलाई ऐन, कानून र न्यायिक प्रणाली प्रति राम्रो जानकारी राख्ने गरी सेवाकालीन तालिम दिई वा प्रारम्भिक छनोटमै कानूनको जानकारी भएको व्यक्ति छान्ने व्यवस्था मिलाउनु आवश्यक छ।

### ५.२.३.४. **अनुसन्धानलाई प्राथमिकताः**

अब न्यायिक समितिले काम गर्न थालेको पनि सात वर्ष पुगिसकेकोले न्यायिक समितिहरुको कार्यसम्पादनमा सेवाग्राहीको सन्तुष्टीबारे विस्तृत अध्ययन गर्न आवश्यक छ। यसै अध्ययनको सिफारिसको आधारमा न्यायिक समिति बारे आवश्यक नीति-नियम बनाउन आवश्यक छ।

हाम्रो अनुसन्धानको क्रममा न्यायिक समितिका संयोजक उत्तरदाताहरुले भन्नु भयो “जति राम्रो काम गर्दा पनि” झगडियाहरुले र समाजले समेत जस नदिएको कारण केही न्यायिक समितिका सदस्यमा निराशा जागेको छ। यो निराश चिर्न यस्तो अवस्था किन आएको हो भन्ने कारण पत्ता लगाउन अनुसन्धान गरि यसको कारण पत्ता लगाई निराकरण गर्ने अभ्यासलाई संस्थागत गर्नु उपयुक्त हुन्छ। अनुसन्धानले नमिलेको नीतिगत, कानूनी र प्रकृयागत सवलहरु सम्बोधन गर्न पनि प्रमाण सिर्जना गरिदिन्छ। साथै न्यायिक समितिहरुले पनि आफ्नो कार्यमा अनुसन्धानलाई समाबेश गरी त्यसैको आधारमा कार्यान्वयन गर्नु आवश्यक छ।

### ५.२.३.५. **संयुक्त प्रशिक्षणः**

कतिपय पालिकामा यसका प्रमुख वा मेयरले न्यायिक समिति आफ्नो जिम्मेवारी भन्दा फरक भएको जसरी असहयोग गर्ने, आवश्यक बजेट उपलब्ध नगराउने, विवाद सिर्जना गराई दिने पालिकाका कर्मचारी पनि मेयर तर्फ लागि कठिनाई सिर्जना गरिदिने गरेको अनुभव न्यायिक समिति संयोजकहरुको छ यसले गर्दा न्यायिक समिति प्रभावकारी हुन नसकेको रहेछ। यस्तो अवस्थामा न्यायिक समितिको कामको अनुगमन जिल्ला न्यायाधिशले सम्बन्धित पालिकाका प्रमुख, कार्यकारी अधिकृत र न्यायिक समितिका सदस्यहरु समेतलाई संयुक्त प्रशिक्षण दिई यस्तो समस्या नआउने अवस्था सृजना गर्नु उपयुक्त देखिन्छ।

### ५.२.३.६. **समन्वय र समिक्षा बैठकः**

न्यायिक समिति, पालिका प्रमुख, कार्यपालिका, वडा अध्यक्ष, वडा समिति, मेलमिलपकर्ताहरु बिच प्रभावकारी समन्वय नहुँदा काम प्रभावकारी हुन नसकेको भनेर उत्तरदाताहरुले बारम्बार आफ्नो अनुभव सेयर गरेकोले यो सवालको सम्बोधन गर्न पालिका प्रमुखको संयोजकत्वमा सबै सरोकारवालाहरु जस्तै वडा अध्यक्ष, वडा समिति, पालिका, कार्यकारी लगायतसँग नियमित समिक्षा बैठक गरि न्यायिक समितिको काम प्रभावकारी बनाउनु आवश्यक छ।

### ५.२.३.७. **संघको हस्तक्षेप न्यूनीकरणः**

स्थानीय न्यायिक समिति र स्थानीय पालिका स्वायत्ता भए पनि स्थानीय सरकारहरुलाई संघीय मामला, तथा सामान्य प्रशासन मन्त्रालयले फरक-फरक फर्म्याट, निर्देशन आदी पठाई त्यसको कार्यान्वयन गर्न लगाउँदा यसले समितिको कार्य सम्पादनमा कठिनाई भएको अनुभव न्यायिक समितिको रहेछ। त्यसैले यस्तो अभ्यास बन्द गरि स्थानीय सरकारकै क्षमता विकासलाई प्राथमिकता दिनु उपयुक्त हुने छ।

### ५.२.३.८. **अनुगमन तथा न्यायिक समितिका निर्णय कार्यान्वयनः**

न्यायिक समितिले विवाद सम्बन्धी फैसला गर्ने भए पनि यसको कार्यान्वयन चाहिं स्थानीय सरकारको कार्यपालिकाले गर्नुपर्ने तर अत्याधिक उत्तरदाताहरु, न्यायिक समितिका संयोजक र सदस्यहरुको अनुभवमा कार्यपालिकाले न्यायिक समितिका निर्णयहरु कार्यान्वयन नगराउने वा आंशिक काम मात्र गराउने, साधन श्रोत नछुट्याउने र कार्यान्वयनको काम पनि न्यायिक समितिले नै गर्नु पर्ने जस्तो व्यवहार देखाउने गरेकोले यो अवस्था परिवर्तन गर्न कार्यपालिकाले न्यायिक समितिका निर्णयहरु ईमान्दारिताका साथ कार्यान्वयन गराउने, आवश्यक साधन श्रोत उपलव्ध गराउने व्यवस्था पालिका प्रमुखले मिलाउन आवश्यक छ।

न्यायिक समितिले विभिन्न समयमा महत्वपूर्ण निर्णय र फैसला गरेको हुन्छ। त्यस्ता निर्णय र फैसला आफैले कार्यान्वयन गर्न सक्दैन र यसको लागि कार्यपालिकाको सहयोग आवश्यक हुन्छ। त्यसैले न्यायिक समितिको फैसला र निर्णय कार्यान्वयन भए नभएको नियमित अनुगम गरी कार्यान्वयन गर्ने गराउने काम हरेक कार्यपालिकाले गराउँदा न्यायिक समिति पनि प्रभावकारी हुने र कानूनी शासनको मान्यता अनुरुप सम्बन्धित सरोकारवालाहरुले न्याय पनि पाउने हुँदा पालिकाहरुले न्यायिक समितिका निर्णय र फैसलाहरुको अवस्था अनुगमन गरी कार्यान्वयन गराउनु उपयुक्त हुन्छ।

### ५.२.३.९. **नियमित अनुगमनः**

न्यायिक समितिको कामको अनुगमन जिल्ला न्यायाधिशले गर्ने प्रावधान अनुरुप न्यायाधिश आई समितिले गरेको काम सम्बन्धी 'प्रकृया', 'विषयवस्तु' र शैली सम्बन्धी जानकारी गराउनु हुने भएकोले जिल्ला न्यायाधिशले गर्ने अनुगमनलाई संस्थागत गरी सिप सिक्ने अवसर व्यवस्थित गर्न सकिने रहेछ। यसलाई संस्थागत र नियमित बनाउनु उपयुक्त हुन्छ।

### ५.२.३.१०. **सहकार्य र टिमवर्कः**

न्यायिक सहजकर्ता, वडाध्यक्ष, न्यायिक समितिका सदस्यहरुको सहकार्यमा काम गर्दा यो बढि प्रभावकारी देखिएकोले न्यायिक समितिले आफ्नो काम

'टिमवर्क' प्रकृतिको बनाउन सहकार्यलाई आधारभूत पूर्वशर्त मानी कार्य अगाडी बढाउन आवश्यक देखियो ।

### ५.२.३.११. **अनुभवबाट सिक्ने व्यवस्थाः**

विभिन्न पालिकाका न्यायिक समितिहरुले न्याय निरुपण प्रकृयामा उपयोगी अनुभवहरु हासिल गरेकाले उनीहरुले विगतमा गरेका फैसलाका नजिरहरु हेर्ने, समिक्षा गर्ने र अभ्यासमा ल्याउने प्रणलीको थालनी गर्नुपर्ने देखियो । यसको लागि पालिका उपमेयरहरुको साझा मञ्च (उपमेयर फोरम ?) खडा गरी सात प्रदेशका न्यायिक समितिहरु बिच अनुभवको आदान प्रदान र सहकार्य गर्ने प्रावधान गर्नु अति आवश्यक छ ।

### ५.२.३.१२. **अभिलेखीकरण सुदृढ बनाउनेः**

हाम्रो अध्ययनको क्रममा धेरै स्थानीय न्यायिक समितिहरुको अभिलेखीकरण कमजोर अवस्था रहेको देखिएकोले न्यायिक समितिले सम्पन्न गरेका कामहरु, फैसलाहरु, विधि, प्रकृया आदी सबैसहित पूर्ण अभिलेखीकरण गर्नु आवश्यक देखिन्छ। यसको लागि पालिका तहमा विशेष तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ ।

### ५.२.३.१३. **आचारसंहिता निर्माण र पालनाः**

न्यायिक समितिको विश्वसनियता बृद्धि गर्न र न्याय सम्पादन निष्ठापूर्वक, नैतिक धरातलबाट निष्पक्ष, इमान्दारिता र पारदर्शिता साथ सम्पन्न गर्न न्यायिक समितिहरुले आचार संहिता तैयार गरी लागु गर्नु उपयुक्त देखियो । स्थानीय न्यायिक समितिहरु मेलमिलाप गराउँदा आचारसंहिता बनाई लागू गर्दा पछि विवाद उठने सम्भावना न्यून रहन्छ। आचारसंहिताको बारेमा मेलमिलापकर्ता तथा मुद्दाका पक्षहरुलाई पर्याप्त जानकारी दिनुपर्दछ। यो काममा मेलमिलापकर्ताहरुको महत्वपूर्ण भूमिका हुने हुँदा उनीहरुलाई थप अभिमुखीकरण गर्न पनि आवश्यक देखियो ।

### ५.२.३.१४. **न्यायिक समितिहरुको क्षमता विकासः**

विभिन्न न्यायिक समितिहरुको क्षमता फरक भएकोले कमजोर क्षमता भएका न्यायिक समिति र पालिकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक

छ। क्षमता अभिवृद्धिको लागि सकेसम्म अनलाईन माध्यमबाट सेवा प्रवाह गर्ने, हटलाइनबाट सेवाहरुको व्यवस्था गर्ने, अनलाइनबाट मुद्दा दर्ता, टेलिफोन तथा एसएमएसबाट आएका दर्ता आदीको व्यवस्था गर्ने काम गराउन सकिन्छ । यसको लागि न्यायिक समितिका संयोजक, सदस्यहरु सूचीकृत मेलमिलापकर्ता र न्यायिक समितिका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक व्यवस्था गर्ने तथा एक कर्मचारीलाई सूचना संचार सम्बन्धी विशेष तालिम दिई उसैलाई अनलाईन व्यवस्थापकको जिम्मा दिनु उपयुक्त हुन्छ।

अनलाइन, टेलिफोन, मोवाइल एप्स, एसएमएसको प्रयोगबाट न्यायिक समितिको सेवा प्राप्त गर्न सकिने जानकारीहरु सेवाग्राही समक्ष पुऱ्याउन सम्बन्धित कार्यपालिका भित्र कार्यरत विभिन्न गैह्रसरकारी संघ संस्थाहरुलाई परिचालन गर्दा श्रोत व्यवस्थापन सहज हुन सक्छ। यो विद्युतीय प्रविधि प्रयोग, जनशक्ति र श्रोतको व्यवस्थापन भौतिक पूर्वाधार विकासले न्यायिक समितिको प्रभावकाजिरता र विश्वसनीयता बढ्छ। क्षमता विकासको लागि नियमित तालिम, भ्रमण, गोष्ठी, बैठक आवश्यक छ। पछिल्लो पटक निर्वाचित न्यायिक समितिका सदस्यहरुलाई न्यायिक समितिको काममा छिट्टै सकृय हुनु परेको र ज्ञान र अनुभव नभई काम गर्नु परेको कठिनाईपूर्ण अवस्था भएकोले स्थानीय जनताको अपेक्षा र न्यायिक समितिका कार्य प्रभावकारीता बिच तालमेल नमिली समाजमा यो समिति प्रति नै नकारात्मक मनोभावना बढ्ने अवस्था सिर्जना हुने हुँदा न्यायिक समितिका सदस्यहरुलाई उनीहरु निर्वाचित हुनासाथ तालिम, न्यायिक समितिले सफलतापूर्वक काम गरेका क्षेत्रहरुको भ्रमण गराई न्यायिक समितिका सदस्यहरुको क्षमता विकासलाई प्राथमिकतासाथ कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

### ५.२.३.१५. बिधी र प्रकृयाको नीतिगत प्रष्टताः

अहिले पनि यस्ता विवाद दर्ता गर्ने र आधिकारिक जिम्मेवारी कसको हो ? कहाँ हो ? वडा हो कि ? कार्यपालिका हो कि ? न्यायिक समितिमै आउनु पर्ने हो त्यसमा पनि प्रष्ट नभएको बारे प्रशस्त सुझाव आएकोले छलफलमा सहभागी धेरै न्यायिक समिति सदस्यहरुले चाहिं कम्तिमा पनि दर्ता चाँही

प्रत्येक वडामा नै गरेर वडा मार्फत् आउँदा वडाको पनि यो प्रकृयामा सहभागी रहेको र पनि फैसला/निर्णय कार्यान्वयनमा पनि सहयोग पुग्ने धारणा रहेकोले यो बारेमा स्थानीय सरकारले कानून नै बनाई प्रष्ट पार्नु आवश्यक छ। वडाबाटै विवाह दर्ता गर्ने प्रावधान राख्ने हो भने कानूनी मान्यता र मर्ममा चोट नपुग्ने गरी गर्दा न्यायिक समिति प्रतिको आमनागरिकको भरोसा बढ्छ।

### ५.२.३.१६. **जिल्ला अदालतको सहयोगः**

अहिले जिल्लास्थित अदालतले न्यायिक समितिहरुको अनुगमन र प्रशिक्षण दिएका पालिकाहरुमा न्याय सम्पादन र विवाद समाधान प्रभावकारी भएकोले यो अभ्यासलाई थप परिष्कृत गर्नुपर्ने रहेछ। हामीले अन्तरक्रिया र छलफल गरेका दोलखा, चितवन लगायतका जिल्लामा जिल्ला न्यायाधिशको भूमिका र सकृयता प्रंशसनीय र प्रभावकारी पायौं। वहाँहरुलाई तालिम वा कार्यक्रम स्थलमा नै भेट्दा र न्यायिक समितिका सदस्यहरु र सहजकर्ताहरुको वहाँहरुप्रतिको आकर्षण र अपेक्षा दुबै उच्च देखियो। यो अभ्यासलाई निरन्तरता दिनुपर्ने देखियो।

### ५.२.३.१७. **राष्ट्रिय न्यायिक प्रतिष्ठानको सकृयता बृद्धिः**

राष्ट्रिय न्यायिक प्रतिष्ठानले न्यायिक समितिको कानूनी क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्ने भएकोले यसले सबै न्यायिक समितिहरुमा रणनीतिक साझेदारी गरी न्यायिक समितिको कानूनी क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने देखिन्छ। यसै सहकार्य अन्तर्गत न्यायिक समितिहरुलाई सुशासन, पेशाप्रति निष्ठा, पारदर्शिता, तथ्यांक व्यवस्थापन र रेकर्डिङ्गजस्ता व्यवहारिक सवालमा पनि प्रशिक्षण दिन सक्ने देखिन्छ।

### ५.२.३.१८. **न्यायिक समितिका वार्षिक प्रतिवेदन प्रकाशनः**

केही न्यायिक समितिहरुले अलग्गै वार्षिक प्रगती प्रतिवेदन पनि प्रकाशन गर्ने गरेकोले सबै न्यायिक समितिमा यो अभ्यास गर्दा तथ्यांक पनि सुरक्षित रहने र एक अर्को समितिले सिक्ने अभ्यासमा सहयोग पुग्ने हुँदा प्रतिवेदन प्रकाशन न्यायिक समितिको नियमित वार्षिक कार्यक्रम बनाउन उपयुक्त हुन्छ।

५.२.३.१९. **न्यायिक समिति, कार्य संचालन दिग्दर्शन** (२०८०) **को प्रयोगः**

राष्ट्रिय न्यायिक प्रतिष्ठानले तयार पारेको स्थानीय न्यायिक समिति (कार्य सञ्चालन) दिग्दर्शन, २०८० न्यायिक समितिको लागि महत्वपुर्ण सन्दर्भ सामग्री भएकोले यसको प्रयोग थप व्यापक बनाउँदा उनीहरुको जिम्मेवारी सुस्पष्ट हुने र यस्तो जिम्मेवारी वहन गर्न चाहिने सूचना, न्यायिक चेत र सीप विकासमा सहयोगी हुने भएकाले यो दिग्दर्शनमा पहुँच बढाउने र अभिमुखीकरण निरन्तर गर्नु पर्ने देखिन्छ।

५.२.३.२०. **मेलमिलाप सहजकर्ताको प्रभावकारी परिचालन** :

हाल पालिका र वडाहरुमा कार्यरत मेलमिलापकर्ताले न्याय निरुपणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको परिप्रेक्ष्यमा उनीहरुको थप सिप विकास गरी वडा स्तरमा थप सशक्त बनाउँदा न्यायमा पहुँच थप सरल हुने र विवाद समाधान प्रभावकारी हुने देखियो। यसको लागि स्थानीय कार्यपालिकाहरुले वार्षिक बजेट विनियोजन गरी आवश्यक सीपमूलक तालिम र उत्प्रेरणा जगाउने गतिबिधी गरी उनीहरुलाई थप प्रभावकारी परिचालन गर्नु पर्ने देखिन्छ।

५.२.३.२१. **तथ्यांक व्यवस्थापनः**

केही नगरपालिकाहरुले सफ्टवेयर (Software) राखी स्थानीय न्यायिक समितिमा आएका विवादको डाटावेश (Database) नै तैयार गरेर राखेको पाईयो। यसो गर्दा काम संस्थागत हुने र पछि आउने समितिलाई समेत सहज हुने हुँदा सबै पालिकाहरुले यो विधि अवलम्बन गर्दा उपयुक्त हुने देखियो।

५.२.३.२२. **न्यायिक समितिको कामको लागि निश्चित दिनहरु निर्धारणः**

कति उप-मेयरहरुले हप्ताको चार दिन न्यायिक समिति बैठकको लागि छुट्याई उक्त दिनहरुमा अरु नियमित काम नगरी पूरै मुद्दा हेर्ने अभ्यास गरेको र यसो गर्दा न्यायिक समितिको काम प्रभावकारी भएको देखियो। उपमेयरहरुका अरु पनि महत्वपूर्ण काम हुने र निर्वाचित जनप्रतिनिधि समेत भएकोले समय व्यवस्थापन र न्यायिक समितिको कामको लागि तोकिएको निर्धारित समय हुँदा सेवाग्राही र न्यायिक समिति दुबै पक्षलाई सहज हुने रहेछ।

**५.२.३.२३. प्रकृया पूरा गरेर मात्र काम गर्ने अभ्यासको थालनीः**

कति अवस्थामा स्थानीय न्यायिक समितिहरुले विवाद समाधानको लागि आवश्यक र परिभाषित प्रकृया पूरा नगरी विवाद समाधान गरेको देखियो । यसो गर्दा हाललाई समस्या समाधान भए पनि भविष्यमा यहि प्रकृया/शैलीलाई लिएर कोही अदालत गएमा कठिन पर्ने हुँदा नियम र कार्यविधिले निर्देश गरेको प्रकृया पूरा गरी काम गर्दा न्यायिक समिति थप प्रभावकारी हुने र विवाद नहुने भएकोले प्रकृया पूरा गरेर मात्र काम गर्नु पर्ने देखियो ।

**५.२.३.२४. अरु पालिकाहरुबाट सिक्ने अभ्यासलाई संस्थागत गर्नेः**

अध्ययनको सिलसिलामा धेरै न्यायिक समितिमा एउटै प्रकृतिका विवादहरु आउने गरेको देखियो र यस्ता विवादहरु हरेक न्यायिक समितिले आ-आफ्नो तरिकाले समाधान गरेकोले कुनै खास जटिल समस्या आउँदा अर्को न्यायिक समितिले त्यो सवाल कसरी सम्बोधन गरेको रहेछ भनेर सिक्न सकिन्छ। उदाहरणको लागि वादी-प्रतिवादी उपस्थित गराउन ज्यादै गाह्रो हुने भोगाइ विभिन्न जिल्लाका न्यायिक समिति सदस्यहरुबाट सुनियो । यो समस्याको समाधानको लागि यस्तै प्रकृतिका समस्याहरु अरु पालिकाहरुले कसरी सम्बोधन गरेका रहेछन्, त्यो हेरी उनीहरुबाटै सिक्ने अभ्यास गर्नु उपयुक्त हुने देखियो ।

**५.२.३.२५. संघीय मन्त्रालयका मार्गदर्शन कार्यान्वयनः**

न्यायिक समितिको अभ्यास नितान्त पहिलो/नौलो भएकोले यसलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर संघीय मन्त्रालयहरु (महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, २०७७, स्वास्थ्य मन्त्रालय, २०७६, कानून तथा संसदीय मामला मन्त्रालय (२०७५), नेपाल कानून आयोग; सर्वोच्च अदालत (२०७८, २०७९) हरुले विभिन्न मार्गदर्शन, नियमावली, दिग्दर्शन कार्य संचालन कार्यविधि प्रतिवेदनहरु बनाएका रहेछन् । यी सामाग्रीहरु धेरै हदसम्म उपयोगी त पाईयो तर धेरै संस्थाहरु बिच संघमा नै समन्वय नगरी आएको यस्ता मार्गदर्शनहरुले एकातिर कार्यान्वयनमा जटिलता ल्याउने र

अर्को तर्फ संघीयताकै मर्म विपरित संवैधानिक रुपमै स्वायत्त पालिकाहरुको कार्यमा संघको हस्तक्षेपको रुपमा पनि बुझिने र स्थानीय स्तरमा यसले क्षमता विकास पनि नहुने यस्ता निर्देशिकाहरु सकेसम्म नपठाउने र पठाउनै परेमा न्यून मात्रामा र एकिकृत गरी एक द्वार नीति 'वीन्डो पोलिसी' अन्तर्गत मात्र पठाउने व्यवस्था गर्नु बढि उपयोगी देखियो ।

**५.२.३.२६. असक्त, बालबालिकाहरुको उद्धारको व्यवस्थाः**

न्यायिक समितिले सामना गरेका समस्याहरुमा बालबालिका, अशक्त र बृद्धबृद्धालाई विशेष परिस्थितिमा उद्धार गर्नुपर्ने भए पनि सबै पालिकामा यो व्यवस्था नभएकोले न्यायिक समितिको मातहत रहने गरी यो व्यवस्था गर्न उपयुक्त हुन्छ ।

**५.२.३.२७. मेलमिलाप केन्द्र स्थापनाः**

न्यायिक समितिको मूल काम नै मेलमिलपको माध्यमबाट विवादको समाधान गर्ने भएकोले वडा स्तरमा पालिकाहरुले श्रोत सम्पन्न मेलमिलाप केन्द्र स्थापना गरी सकेसम्म विवादको समाधान वडा कै मेलमिलाप केन्द्रले गर्ने परिपाटी संस्थागत गर्दा न्यायमा जनताको पहुँच बढि सुनिश्चित हुने देखियो भने जिल्ला अदालत र माथिल्लो अदालतहरुमा बोझ पनि कम हुन्छ ।

**५.२.३.२८. अशक्त मैत्री संरचना निर्माणः**

कतिपय विवादका सवालहरु वा सेवाहरु अपांगता भएका व्यक्तिहरुसँग पनि जोडिने र उनीहरु यस्ता सेवा लिन जाँदा सहज पहुँच नहुने अवस्थाको बारेमा पनि न्यायिक समितिका सदस्य उत्तरदाताहरुले सरोकार उठाउनु भयो । नेपालको संविधानले समेत सुनिश्चित गरेको अपांगता भएका व्यक्तिको लागि पहुँचको सवालमा भएकोले जेष्ठ नागरिक, अशक्त, अपांगता भएका व्यक्तिहरुको न्यायिक समिति, गाउँ कार्यपालिकासम्म सहज पहुँच पुऱ्याउन पालिकाहरुले अशक्त मैत्री संरचना निर्माण गर्नु आवश्यक छ ।

५.२.३.२९. **मनोसामाजिक परामर्श केन्द्र स्थापनाः**

द्वन्द्वरत पक्षलाई मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न मनोसामाजिक परामर्श केन्द्रको स्थापना र परिचालनले महत्वपूर्ण भूमिका खेल्ने भएकोले न्यायिक समिति मातहत रहने गरी प्रत्येक पालिकामा एक मनोसामाजिक परामर्श केन्द्र स्थापना गर्न उपयुक्त देखिन्छ। तत्कालको लागि सबै वडामा सम्भव नभएको खण्डमा पालिकाका कार्यपालिका भएकै स्थान वा अन्य उपयुक्त स्थानमा कम्तीमा पनि प्रत्येक पालिकामा एउटा यस्तो केन्द्र हुनु आवश्यक छ।

५.२.३.३०. **अन्तरिम राहतको व्यवस्थाः**

सामाजिक न्याय सुनिश्चित गर्दै पीडितलाई न्याय दिलाउने प्रकृयामा न्यायिक समितिलाई प्रभावकारी बनाउन पालिकाहरुमा न्यायिक समितिको सिफारिसमा राहत दिने प्रावधान सहितको व्यवस्था भयो भने न्यायिक समितिको काम बढि प्रभावकारी र जनमैत्री हुने देखिन्छ।

५.२.३.३१. **गुनासो सुन्ने संयन्त्रको स्थापनाः**

प्रत्येक पालिकामा न्यायिक क्षेत्रसँग सम्बन्धित गुनासोहरु सुन्न एक संयन्त्रका न्यायिक समिति अन्तर्गत स्थापना गर्दा न्यायको सहज पहुँच र सुनिश्चितता हुने हुँदा पालिकाहरुले यस्तो प्रावधान राख्नु उपयुक्त हुने देखियो। यसको लागि ठूलो संरचना र जनशक्ति तथा अत्याधिक श्रोत नचाहिने हुँदा तत्कालै व्यवस्थापन गर्न सकिन्छ।

५.२.३.३२. **प्रमुख र उपप्रमुख बिच सहकार्यको संस्कृतिः**

धेरैजसो मेयर वा अध्यक्षहरु पुरुष हुने र न्यायिक समितिको संयोजक महिला हुने अवस्थामा प्रमुखले उपप्रमुखसँग सरसल्लाह नगरी एकतर्फि निर्णय लिएको र कार्यकारी प्रमुखले पनि सहयोग नगरेको व्यापक चर्चा भएको थियो। त्यसैले यो समस्याको समाधानको लगि प्रमुख-उपप्रमुख र कार्यकारी प्रमुख रहने एक समिति बनाई नियमित रुपमा बैठक बसेर समस्याको समाधान

गर्ने अभ्यास गर्न सके यो समस्याको सम्बोधन गर्न सकिन्छ। यसको लागि प्रमुखको प्रतिवद्धता बाहेक अतिरिक्त श्रोत केही आवश्यक पर्दैन।

५.२.३.३३. **न्यायिक समिति संयोजकलाई स्वतन्त्र काम गर्न दिने वातावरण बनाउने:**

तराईका केही जिल्लाहरुमा न्यायिक समिति संयोजकका पति वा पुरुष सदस्यहरुले काममा हस्तक्षेप गरेका कारण न्यायिक समिति विवादित हुने, प्रभावकारी नहुने र न्यायिक समितिको आधारभूत मान्यतामाथि नै आँच पुगेको अवस्था भएकोले न्यायिक समिति गठन भएपछि पुरुषहरुबाट हस्तक्षेप हुने न्यायिक समिति पहिचान गरी महिला न्यायिक समिति संयोजक र उनका पति सहित राखी छलफल गरेर पत्नीका काममा हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने (मेयर वा जिल्ला न्यायाधिश सहित बसेर) उपप्रमुखको क्षमता विकास गर्ने र त्यस पछिको प्रत्येक तीन-तीन महिनामा जिल्ला न्यायाधिशले सुक्ष्म अनुगमन गरी यदि पत्नीको काममा हस्तक्षेप कायमै राखेको पाईएमा यसको बैकल्पिक समाधान खोज्दा उपयुक्त देखिन्छ।

५.२.३.३४. **कानूनी ज्ञानको अभाव परिपूर्ति:**

धेरैजसो न्यायिक समिति सदस्यहरुले आफूहरु राजनीतिक पृष्ठभूमिबाट आएको र कानूनी ज्ञानको अभावकै कारण आफ्नो काम प्रभावकारी हुन नसकेको जानकारी गराएको सन्दर्भमा तीन वटा विधि मार्फत् यो समस्या समाधान गर्न सकिन्छ। पहिलो, राष्ट्रिय न्यायिक प्रतिष्ठान, जिल्ला अदालत लगायतका आधिकारिक संस्थाहरुबाट न्यायिक समितिका सदस्यहरु र मेलमिलापकर्तालाई नियमित तालिम र प्रशिक्षणको व्यवस्था गर्ने। दोश्रो, नियमित कर्मचारी भर्ना गर्दा राम्रो कानूनी ज्ञान भएका व्यक्तिहरु भर्ना गर्ने र कार्यरत कर्मचारीलाई कानूनी प्रावधान बारे नियमित तालिम मार्फत् जानकारी गराउने तथा पालिकामा कार्यरत कानून अधिकृत वा कानूनी शैक्षिक पृष्ठभूमि भएका कर्मचारीलाई न्यायिक समितिको काममा परिचालन गर्ने। र, तेश्रो, अनुसन्धानलाई पालिका/न्यायिक समितिको नियमित कामकै रुपमा अगाडी बढाई ज्ञानको सिर्जना, संश्लेषण गरी उनीहरुको क्षमता बढाउने।

**५.२.३.३५. अनुभवमा आधारित आपसी सिकाइः**

विगत सात वर्षको अनुभवबाट विभिन्न पालिकाका न्यायिक समितिहरुले विशिष्ठ अनुभव संगालेका छन् । कठिनाई भोगेका छन्, व्यवहारिक अभ्यास गरेको अनुभवहरु छन् । यी अनुभवहरु कतै पुस्तकबाट प्राप्त हुने खालका छैनन् । त्यसैले न्यायिक समितिहरु एक आपसमा भेटघाट, भ्रमण गरी अनुभव आदान प्रदान गर्ने कार्यलाई प्रभावकारी र नियमित रुपमा अघि बढाउनु उपयुक्त हुन्छ। मनोसामाजिक विमर्शकर्ताहरुको अभावले मनोसामाजिक पक्षमा पीडितहरुले लाभ पाउन नसकेको अवस्था न्यायिक समितिमा अलि व्यापक रहेछ। यो विधाका दक्ष जनशक्ति देशमै सहज उपलब्ध हुन कठिन भएको अवस्था रहेकोले पालिकाहरुमा उनीहरुको उपस्थिति कमजोर रहेछ। अहिले केही न्यायिक समितिहरुले आफ्नो संजाल बनाई यो कामको थालनी पनि गरेका छन् । यो न्यायिक समिति संयोजकहरुको संजाललाई थप सशक्त बनाई संस्थागत गर्नु उपयुक्त हुन्छ।

**५.२.३.३६. प्रकृयागत र नीतिगत प्रष्टताको खाँचो**ः

धेरै न्यायिक समितिका सदस्यहरुले नीतिगत तहमा र निर्दिष्ट गरिएको प्रकृयाले पनि न्यायिक समितिको काममा नकारात्मक प्रभाव परेकोले अब न्यायिक समिति सम्बन्धी कानूनी प्रावधान, प्रकृया आदी सबैको गहिरो समिक्षा गरी बाँझिएका, अस्पष्ट र अवरोधात्मक प्रावधानहरु प्रष्ट पार्नु आवश्यक छ। सात वर्षको अनुभवबाट नेपालको न्यायिक समितिको कार्यविधी लगायत सम्बन्धित सबै दस्तावेजहरुको परिमार्जन गर्दा न्यायिक समिति थप प्रभावकारी र उद्देश्य अनुरुप हुने थियो ।

**५.२.३.३७. दस्तावेज व्यवस्थापन**ः

धेरै न्यायिक समितिहरुको दस्तावेज (रेकर्ड) तैयार गर्ने, तथ्यांक संकलन र विश्लेषण गरी वार्षिक प्रतिवेदन तैयार गर्ने क्षमता कमजोर रहेकोले यो कार्य व्यवस्थित गर्न उपयुक्त हुन्छ।

## ६. निस्कर्ष

विगत सात वर्षको अनुभवको आधारमा न्यायिक समितिको न्याय सम्पादन सम्बन्धी कामको स्थानीय जनताबाट सकारात्मक मूल्यांकन भएको र न्यायको पहुँच स्थानीय जनतासम्म पुऱ्याई कानूनको शासन स्थापनामा न्यायिक समितिको भूमिका महत्वपूर्ण देखिएको छ। तर पनि न्यायिक समितिले आवश्यक सहयोग (आर्थिक, भौतिक, कानूनविद्, मेलमिलाप केन्द्र स्थापना, तथ्यांक व्यवस्थापन, निर्णय कार्यान्वयन आदी) को अभावमा अपेक्षित काम सम्पन्न गर्न कठिनाई भएको पाईयो। यी कठिनाईहरु सम्बोधन गर्न सम्बन्धित पालिकाको पहिलो प्राथमिकता पर्नु पर्नेमा विभिन्न कारणहरु (फरक दलका प्रमुख, उपप्रमुख, प्रमुख कार्यकारी अधिकृतको असहयोग, कार्यपालिकाले न्यायिक समितिलाई आवश्यक पर्याप्त श्रोत उपलब्ध नगराउने तथा न्यायिक समितिका निर्णयहरु कार्यान्वयन नगरिदिने, अति आवश्यक भौतिक सुबिधाहरु जस्तै कार्य कक्ष, कम्प्युटर आदी पनि आवश्यकता अनुसार उपलब्ध नगराईदिने आदी) ले न्यायिक समितिले प्रभावकारी कार्य सम्पन्न गर्न कठिनाई भएको देखियो।

७५३ वटा न्यायिक समितिहरुको स्थानीय परिबेश, साधन श्रोतको उपलब्धता, पालिका प्रमुख र प्रमुख कार्यकारी अधिकृतको सहयोगको मात्रा, समितिको आन्तरिक क्षमता भिन्न भिन्न भएकोले उनीहरुका भोगाइ, सिकाइ, चुनौती पनि भिन्न भिन्न हुने नै भए। यस्ता भिन्न परिवेशका अनुभवहरु एक आपसमा बाँड्न र सिक्न एक स्थायी प्रकृतिको संरचना उपयुक्त हुने रहेछ। यसै परिप्रेक्ष्यमा धेरै जिल्लाहरु (जस्तै काठमाडौं, ललितपुर, भक्तपुर, दोलखा, सर्लाही, झापा, मोरङ्ग, सुनसरी) मा न्यायिक समितिलाई सहयोग पुग्ने गरी उपमेयरहरुका फोरमहरु गठन भई काम सुरु गरेकाले पनि भविष्यमा अनुभव आदान-प्रदान तथा सामुहिक सिकाइ बढ्दै जाने देखिन्छ।

नीति अनुसन्धान प्रतिष्ठानले २०७९ पौषमा गरेको नीति सम्बाद, यो लेखकले दोलखा, चितवन, पूर्वी नवलपरासी, काठमाडौं, ललितपुर, कास्की, धादिङ्ग र सर्लाहीमा गरेको अध्ययन र २०७९ चैत १५ र १६ गते काठमाडौंमा सम्पन्न न्यायिक समितिका संयोजकहरुको राष्ट्रिय सम्मलेनले जारी गरेको ११ बुँदे

घोषणा पत्र (अनुसूचि ६) को आधारमा यो निष्कर्ष निकाल्न सकिन्छ कि न्यायिक समितिहरु विभिन्न चुनौतीको सामना गरेर पनि नागरिकलाई न्यायमा पहुँच बढाउने सवालमा अब्बल सावित भएका छन्। स्थानीय न्यायिक समितिहरुले हाल सम्म सिकेका ज्ञान र अनुभवका आधारमा पालिका, प्रदेश र संघले यी समितिहरुको क्षमता बढाउन अति जरुरी छ।

नेपालको संविधानको धारा १२७(२) ले "स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने" प्रावधान र संविधानको अनुसूची ८ मा उल्लेख भएको "स्थानीय अदालत" बारेमा प्रष्ट नभएको परिवेशमा न्यायिक समितिको ईजलास सम्बन्धी प्रावधानबारे संवैधानिक व्याख्याको लागि पनि थप अध्ययन र बहस आवश्यक देखिन्छ। जनताका प्रत्यक्ष सरोकार र दैनिक जनजिविकासँग जोडिएका सवालहरु जस्तै जेष्ठ नागरिकको संरक्षण, सिंचाई कुलो, जग्गा र वन सम्बन्धी विवाद समाधान, सहकारीको विवाद, घरभाडा लेनदेन, बधशाला व्यवस्थापन विवाद, करार, छिमेकी र साँध सिमा सम्बन्धी विवादहरु, गाली गलौज, खानेपानी सम्बन्धी विवाद, मजदुरको ज्याला, व्यक्तिको सम्पत्ति निकास, प्रदुषण, बाटो लगायत सार्वजनिक स्थल मिचिएको विवादमा स्थानीय न्यायिक समितिले स्थानीय जनतालाई न्याय दिलाउन र अशक्त, बृद्धबृद्धा, बालबालिकाहरुको न्यायमा सहज पहुँच बढेको पनि पाईएको छ।

न्यायिक समितिलाई कानूनले दिएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न संघीय सरकार, प्रदेश सरकार र सम्बन्धित पालिकाले अपेक्षित सहयोगमा कमि देखिएकोले यी तिनै तहका सरकारहरुले न्यायिक समितिलाई आफ्नो कार्य सम्पन्न गर्न आवश्यक पर्ने जनशक्ति, आर्थिक र भौतिक श्रोत उपलब्ध गराईदिने हो भने न्यायिक समितिले संविधानको मर्म अनुसार न्यायलाई स्थानीय स्तरमा सहज पहुँचको सुनिश्चितता गर्ने देखिन्छ।

**सन्दर्भ सामाग्री**


- अधिकारी, रमेश। (२०२३)। न्यायिक समितिको न्याय निरूपण प्रक्रिया। द एजुकेटर जर्नल, १० (१), ६-१५। https://doi.org/10.3126/tej.v11i1.54441.
- आचार्य बसन्त (२०२३) अनन्त खुसीको सितल छहारी, न्यायिक समितिः अवस्था र अपेक्षा। काठमाडौंः पैरबी बुक हाउस प्रा.लि.।
- उप्रेती बिष्णु राज (२०७१ क) नेपालमा सशस्त्र द्वन्द्व र यसको प्रभाव। काठमाडौंः नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च।
- उप्रेती बिष्णु राज (२०७१ ख) नेपालको शान्ति प्रकृया र राज्य निर्माणका चुनौतीहरु। काठमाडौंः नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च।
- नेपाल कानून आयोग (२०७२), नेपालको संविधान। काठमाडौँः नेपाल कानून आयोग।
- नेपाल कानून आयोग (२०७४) स्थानिय स'रकार संचालन ऐन। काठमाडौँः नेपाल कानून आयोग।
- संस्थागत सुधारमार्फत् न्यायमा पहुँच अभिवृद्धि परियोजना (२०७७), कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको लागि अभ्यासकर्ता दिग्दर्शन। काठमाडौँः संस्थागत सुधारमार्फत् न्यायमा पहुच अभिवृद्धि परियोजना।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०७७), कोभिड-१९ महामारी विरुद्धको अभियानमा अपाङ्गता सम्बन्धी सरोकारवालाहरुको लागि मार्गनिर्देशन। काठमाडौँः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।
- स्वास्थ्य मन्त्रालय, (२०७६), कोभिड-१९ सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य। काठमाडौँः स्वास्थ्य मन्त्रालय, नेपाल सरकार।
- डीआरसी (डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल) (२०१८), नेपालमा स्थानीय सरकारको कार्य सञ्चालन र चुनौती (प्रारम्भिक प्रतिवेदन, २०१८ जनवरीदेखि मे सम्म)। काठमाडौंः डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल।

- चन्द्रागिरी नगरपालिका (२०८०) न्यायिक समितिका निर्णयहरु। काठमाडौंः चन्द्रागिरी नगरपालिका।
- काठमाडौँ महानगरपालिका। (२०७५)। काठमाडौँ महानगरपालिका विवाद निरूपण (कार्यविधि) ऐन २०७५। काठमाडौंः काठमाडौँ महानगरपालिका।
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। (२०७५)। न्यायिक समितिको कार्यविधि सम्बन्धमा ऐन 'नमुना'। काठमाडौंः न्याय तथा संसदीय मामिला मन्त्रालय।
- नेपालनगरपालिकासंघ।(२०७८)।न्यायिकसमितिकाअसलअभ्यास। काठमाडौंः नेपाल नगरपालिका संघ। https://muannepal.org.np/wp-content/uploads/2022/12/Judiciary-stories-180mm-x-245mm-size.pdf
- राष्ट्रिय न्यायिक प्रतिष्ठान (२०८०)। स्थानीय न्यायिक समिति (कार्य सञ्चालन) दिग्दर्शन, २०८०। काठमाडौंः राष्ट्रिय न्यायिक प्रतिष्ठान।
- रोङ गाउँपालिका। (२०७७)। न्यायिक समिति सञ्चालन कार्यविधि, २०७७। ईलामः रोङ गाउँपालिका।
- सर्वोच्च अदालत। (२०७८)। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७७/७८। काठमाडौँ। https://supremecourt.gov.np/web/assets/downloads/annual/An7778.pdf.
- नागार्जुन नगरपालिका, (२०७८), न्यायिक समितिबाट सम्पादित कार्यहरूको प्रगती पुस्तिका (२०७४-२०७८)। काठमाडौंः नागार्जुन नगरपालिका।
- रिजाल, मुक्ति, (२०७८, चैत २१), स्थानीय तहमा न्यायिक समितिबारे असुहाउँदो व्यवस्था। कान्तिपुर दैनिक। https://ekantipur.com/opinion/2022/04/04/164903710960243443.html.
- सर्वोच्च अदालत। (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७८/७९। काठमाडौंः सर्वोच्च अदालत।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय। (मि.न.)। न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका

सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (नमूना कानून)। काठमाडौंः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय। https://mofaga.gov.np/model-law/124.

- रिजाल, मुक्ति राम र उप्रेती, बिष्णु राज, (२०८१)। विवाद समाधानमा न्यायिक समितिको भूमिकाः एक सिंहावलोकन। काठमाडौंः नीति अनुसन्धान प्रतिष्ठान।
- Bhattarai N. (2022), Legal System Practices of Local Bodies in Federal Governance, NUTA Journal, 9 (1 & 2), DOI: https://doi.org/10.3126/nutaj.v9i1-2.53843
- Aryal M., KC B., Poudel M. and Tharu T.S. (2019), Most local judicial committees in Province 5 are idle for lack of office space. The Kathmandu Post (19 July).
- Bhattarai, R. (2021), Assessing the Function of Judicial Committees in Nepal: Case Study of Bhaktapur District. Kathmandu School of Law Review, Volume 9 & 10, Issue 1, pp 79-89 https://doi.org/10.46985/kslr.v10iS1.2190.
- Wagle, N. (2019), 'Judicial Committees in Federal Nepal', Nepalese Constitutional Law, Governance and Public Policy Issues, available at https://bipinadhikari.com.np/ miscellaneous/references/the-conundrum-surrounding-judicial-committees/, accessed on 23 January 2024.
- USAID (2021), A Study on the Performance and Procedures of Judicial Committees. Kathmandu: ajhedari – Support to Federalism
- United Mission to Nepal (UMN) (2023), News Now we have clarity- Conflict analysis for Judicial Committees: Kathmandu United Mission to Nepal.
- Shrestha T.P and Wagle, N. (2019), Judicial Committees in Nepal: A Closer Look. Kathmandu: Nepal Law Society and The Asian Foundation.

**अनुसूचीहरु**

**अनुसूची १ नेपालको संविधानको अनुसूची–५ (धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित) संघको अधिकारको सूची र विषयहरू**

१ रक्षा र सेना सम्बन्धी (क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण (ख) राष्ट्रिय सुरक्षा सम्बन्धी

२ युद्ध र प्रतिरक्षा

३ हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी

४ केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा

५ केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ्ग, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण

६ परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसंघ सम्बन्धी

७ अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता, सुपुर्दगी, पारस्परिक कानूनी सहायता र अन्तर्राष्ट्रिय सीमा, अन्तर्राष्ट्रिय सीमा नदी,

८ दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो, टेलिभिजन र हुलाक ९ भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना

१० संघीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा

११ जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड १२ अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रसारण लाइन

१३ केन्द्रीय तथ्यांक (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर)

१४ केन्द्रीय स्तरका ठूला विद्युत, सिंचाइ र अन्य आयोजना तथा परियोजना 178

१५ केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय

१६ स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण

१७ संघीय संसद, संघीय कार्यपालिका, स्थानीय तह सम्बन्धी मामिला, विशेष संरचना

१८ अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन

१९ हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल

२० राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन

२१ सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासन सम्बन्धी कानून

२२ नागरिकता, राहदानी, भिसा, अध्यागमन

२३ आणविक ऊर्जा, वायुमण्डल र अन्तरिक्ष सम्बन्धी

२४ बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत) २५ नाप-तौल

२६ खानी उत्खनन

२७ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा

२८ बीमा नीति, धितोपत्र, सहकारी नियमन

२९ भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन

३० फौजदारी, देवानी कानूनको निर्माण

३१ सुरक्षित छापाखाना

३२ सामाजिक सुरक्षा र गरीबी निवारण

३३ संवैधानिक निकायहरू, राष्ट्रिय महत्वका आयोगहरू

३४ पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक

३५ संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएको विषय

**अनुसूची २: नेपालको संविधानको अनुसूची–६ (धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा (३), धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित) प्रदेशको अधिकारको सूची र विषयहरू**

१. प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा

२. नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरुको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग

३. रेडियो, एफ. एम, टेलिभिजन सञ्चालन

४. घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना

५. प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा

६. प्रदेश तथ्यांक

७. प्रदेश स्तरको विद्युत, सिचाइ र खानेपानी सेवा, परिवहन

८. प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय

९. स्वास्थ्य सेवा

१०. प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद सम्बन्धी

११. प्रदेशभित्रको व्यापार

१२. प्रदेश लोकमार्ग

१३. प्रदेश अनुसन्धान ब्युरो

१४. प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय

१५. प्रदेश लोक सेवा आयोग

१६. भूमि व्यवस्थापन, जग्गाको अभिलेख

१७. खानी अन्वेषण र व्यवस्थापन

१८. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग

१९. प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन

२०. कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात,

२१. गुठी व्यवस्थापन

**अनुसूची ३: नेपालको संविधानको अनुसूची–७ (धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित) संघ र प्रदेशको साझा अधिकारको सूची**

१. फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)

२. आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन

३. देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था

४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण

५. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून

६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना

७. करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी

८. टाट पल्टेको र दामासाही सम्बन्धी

९. औषधि र विषादि

१० योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन

११. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य

१२. कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा

१३. प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता

१४. सञ्चार माध्यम सम्बन्धी

१५ उद्योग तथा खनिज र भौतिक पूर्वाधार

१६. क्यासिनो, चिठ्ठा

१७. प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ

१८. पर्यटन, खानेपानी तथा सरसफाइ

१९. चलचित्र, सिनेमा हल, खेलकूद

२०. बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन

२१. गरीबी निवारण र औद्योगीकरण

२२. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास

२३. अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग

२४. भूमि नीति र सो सम्बन्धी कानून

२५. रोजगारी र बेरोजगार सहायता

**अनुसूची ४: नेपालको संविधानको अनुसूची–८ (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित) स्थानीय तहको अधिकारको सूची र विषयहरू**

१. नगर प्रहरी
२. सहकारी संस्था
३. एफ. एम. सञ्चालन
४. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन
५. स्थानीय सेवाको व्यवस्थापन
६. स्थानीय तथ्यांक र अभिलेख संकलन
७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
८. आधारभूत र माध्यमिक शिक्षा
९. आधारभूत स्वास्थ्य र सरसफाइ
१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ
१२. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
१३. स्थानीय अभिलेख व्यवस्थापन
१४. घर जग्गा धनी पुर्जा वितरण
१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
१६. ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
१७. बेरोजगारको तथ्यांक संकलन
१८. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
२०. विपद व्यवस्थापन
२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

**अनुसूची ५: नेपालको संविधानको अनुसूची–९ (धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित) संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची र विषयहरू**

१. सहकारी
२. शिक्षा, खेलकूद र पत्रपत्रिका
३. स्वास्थ्य
४. कृषि
५. विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू
६. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
७. वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
८. खानी तथा खनिज
९. विपद व्यवस्थापन
१०. सामाजिक सुरक्षा र गरीबी निवारण
११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक
१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय
१३. सुकुम्बासी व्यवस्थापन
१४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
१५. सवारी साधन अनुमति

**अनुसूची ६: २०७९ चैत्रमा भएको न्यायिक समितिको राष्ट्रिय सम्मेलनले जारी गरेको ११ बुँदे घोषणापत्र**

१. नेपालको संविधान, प्रचलित कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्थानीय स्तरमा उत्पन्न हुने विवादको समाधान छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी विधि र प्रक्रिया अबलम्वन गरी सबैका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्ने ।

२. विवादको समाधान सकेसम्म मेलमिलापको माध्यमबाट गर्न वडास्तरीय मेलमिलाप केन्द्र सञ्चालनलाई विशेष जोड दिने ।

३. स्वच्छता, निष्पक्षता, निश्चितता, समानता र समन्याय सहितको अनुमानयोग्य न्यायिक पद्धति आत्मसात हुने गरी स्थानीय कानून तर्जुमा गर्ने । साथै न्यायिक समितिबाट भएका मिलापत्र वा निर्णय कार्यान्वयनलाई विशेष प्राथमिकता दिने ।

४. स्थानीय न्याय प्रशासनलाई सक्षम र सुदृढ बनाउन दक्ष जनशक्तिको व्यवस्था, नियमित प्रशिक्षण, पारदर्शी र प्रभावकारी न्याय प्रणालीको विकास गर्ने । सो समेतका लागि गाउँ/नगर सभाबाट उपयुक्त कार्यक्रम र पर्याप्त बजेटको प्रबन्ध गर्न पहल गर्ने ।

५. सूचना प्रविधिको उच्चतम उपयोग गरी गुणस्तरीय न्याय सम्पादनको कामलाई श्रोत साधन सम्पन्न बनाउन क्रियाशील हुने ।

६. विवाद निरुपण वा न्याय सम्पादनको काम गर्दा नेपालको संविधान, प्रचलित कानून, कार्यविधि, न्यायका मान्य सिद्धान्त, अदालतबाट भएका आदेश वा फैसला समेतको पूर्ण परिपालना गर्न सुनिश्चित गर्ने ।

७. न्याय सम्पादनमा नैतिकता, निष्ठा र इमान्दारिता कायम राख्न न्यायिक समितिको आचार संहिता जारी गरी परिपालना गर्ने ।

८. संविधानको व्यवस्था र भावना समेतलाई मध्यनजर गरी संघीय संरचनामा आधारित विकेन्द्रित न्याय प्रणालीलाई आत्मसात गरी न्यायिक समितिको अधिकार क्षेत्र वृद्धि गर्न र दोहोरो नपर्ने गरी

क्षेत्राधिकारलाई थप स्पष्ट गर्न संघीय सरकार र संघीय संसदसँग माग गर्ने ।

९. न्यायिक समितिका पदाधिकारीहरुबिच नियमित सम्पर्क, समन्वय, सम्बन्ध, सहकार्य, सञ्चार गर्न तथा कार्य सम्पादनमा एकरुपता कायम गर्न न्यायिक समिति राष्ट्रिय मञ्च, प्रदेश मञ्च र जिल्ला मञ्चको संरचनागत प्रबन्ध गर्ने ।

१०. न्यायिक समितिका पदाधिकारी, अन्य जनप्रतिनिधि, सम्बद्ध कर्मचारी, मेलमिलापकर्ता र अन्य सरोकारवाला समेतको क्षमता विकास गरी स्थानीय न्याय सम्पादनको काममा सहजीकरण गर्न आवश्यक व्यवस्था गर्ने ।

११. न्यायिक समितिको कार्य, अनुभव र अपेक्षाका विषयमा निरन्तर छलफल गर्ने, अन्तर्क्रिया गर्ने र दिशाबोध गर्ने कार्यलाई निरन्तरता दिने ।

## संक्षिप्त परिचय



डा. बिष्णु राज उप्रेती

**जन्म :** ६ मे १९६१, पवटी, मेलुङ्ग-१, दोलखा जिल्ला, बागमती प्रदेश।

**परिवार :** श्रीमती डा. यमुना घले, छोरी अस्मिता उप्रेती र छोरा आयुष उप्रेती।

**हालको ठेगाना :** सिभिल होम्स्-३, गोदावरी न.पा., वडा नं. १२, ठेंचो, ललितपुर।

**माध्यमिक शिक्षा:** क्षमावती मा.वि., भिमेश्वर न.पा., वडा नं. १, क्षमावती, दोलखा।

**उच्च शिक्षा :**
क) स्नातकः कृषि अर्थशास्त्र, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर, चितवन, सन् १९८९।
ख) स्नातकोत्तरः समाजशास्त्र/मानवशास्त्र, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, काठमाडौं, सन् १९९४।
ग) स्नातकोत्तरः कृषि ज्ञान प्रणाली व्यवस्थापन, वागेनहेगन विश्वविद्यालय, नेदरलैण्डस्, सन् १९९८।
घ) विद्यावारिधिः द्वन्द्व, व्यवस्थापन, वागेनहेगन विश्वविद्यालय, नेदरलैण्डस्, सन् २००१।

**कार्यानुभव :** सन् १९८० मा सघन पहाडी क्षेत्र विकास योजनामा प्रशिक्षार्थी क्षेत्र सहायकबाट कार्य थालनी, सोहि परियोजनामा ५ वर्ष कृषि प्राविधिक, विश्व खाद्य संगठनको तरकारी विकास परियोजना र भू-तथा जलाधार विकास विभागमा छोटो समयको कार्यानुभव, लोक सेवा आयोगबाट स.कृषि अर्थशास्त्री पदमा सिफारिस भै नेपाल सरकारमा ३ वर्ष काम गरेर राजीनामा, मेची पहाडी विकास आयोजनामा कृषि कार्यक्रमको प्रमुख समेत गरि ५ वर्ष, बेलायतको सरे विश्वविद्यालय र लन्डन विश्वविद्यालयको किङ्गस् कलेज लण्डनमा रिसर्च फेलो भै ३ वर्ष, स्वीस विश्वविद्यालयहरुको कन्सोर्टियमले संचालन गरेको विकासोन्मुख देशका विश्वविद्यालयहरु र अनुसन्धान संस्थाहरुको अनुसन्धान क्षमता विकास परियोजनाको क्षेत्रीय संयोजक र बोर्ड अफ डाईरेक्टर भएर १० वर्ष एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका २४ देशमा अनुसन्धान र अनुसन्धान व्यवस्थापनमा सकृयता र नेतृत्व, नेपाल सरकारको थिङ्कट्याङ्क नीति अनुसन्धान प्रतिष्ठानको कार्यकारी अध्यक्षमा ३ वर्ष, नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्चको अनुसन्धान निर्देशकमा ७ वर्ष, र नेपाल सरकारले गठन गरेको सीमा अध्ययन विज्ञ समुहको संयोजक भै काम गरेको अनुभव। विभिन्न अर्न्तराष्ट्रिय संस्थाहरु, कुटनीतिक नियोगहरु, वित्तिय संस्थाहरु, नेपाल सरकारका मन्त्रालय, निकाय र विभागहरुलाइ विभिन्न समयमा आफ्नो विज्ञताका क्षेत्रमा विभिन्न प्रकारका परामर्श, तालिम, प्रवचन तथा विज्ञ सल्लाह र सहयोग उपलब्ध गराएको। युरोप, एसिया, र अमेरिकाका विभिन्न विश्वविद्यालयहरुमा छोटो अवधिका अध्ययन, अनुसन्धान र अध्यापनमा संलग्न रहेको।

**बिदेश भ्रमण :** अध्ययन, अनुसन्धान, अध्यापन, अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा ब्यक्तिगत भ्रमणसहित हालसम्म विश्वका विभिन्न १०३ देशहरुको भ्रमण।

**प्रकाशन :** हालसम्म लेखन, सम्पादन र सहसम्पादन गरेका ८८ वटा पुस्तकहरु नेपाल, भारत, नेदरलैण्डस्, र जर्मनीबाट प्रकाशित तथा ३ दर्जनभन्दा बढि जर्नल आर्टिकलहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलहरुमा प्रकाशित, लगभग ५०० जति परिच्छेदहरु विभिन्न सम्पादित पुस्तकहरु, म्यागाजिनहरु, र विशेष विशेषाङ्कहरुमा प्रकाशित।

**अन्य :** नेपालको सार्वजनिक नीतिहरु, द्वन्द्व र द्वन्द्व व्यवस्थापन, शान्ति, द्वन्द्वोत्तर राज्य निर्माण, वातावरणीय र प्राकृतिक श्रोत सम्बन्धी द्वन्द्वहरु, ठुला शहरहरुको फोहरमैला व्यवस्थापन सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संचार माध्यमहरुमा अन्तर्वार्ता, टिप्पणी र लेख रचनाहरु प्रकाशन, प्रसारण।


9789937974688

**प्रकाशक**

**दुर्गा-शान्ता सामाजिक विकास समाज**

कोटेश्वर, काठमाडौं

Knowledge Management Fund

Knowledge Platform Security & Rule of Law